यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

❍वर्ष ९ ❍अंक २६ ❍श्रेणी 'क' ❍२०७३ कार्तिक ५ गते शुक्रबार ❍ 21 Oct. 2016 ❍पृष्ठ ४ ❍मूल्य रू. ५/-

वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४५२५

पोखरामा आन्तरिक पर्यटक बढे

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ कार्तिक ।

नेपालीहरुको महान पर्व विजया दशमी पर्व लगत्तै पोखरामा आन्तरिक पर्यटकहरुको संख्यामा वृद्धि भएको छ। दशैं पर्वको अघिल्लो दिनसम्म प्रतिकूल मौसम पानी परेको र पोखरा आउने केहि ठाँउको सडक अवरोध भएको कारणले गर्दा पोखरा आउने गरेका आन्तरीक पर्यटकहरु यस वर्ष दशैं लगतै उल्लेखनीयरुपमा आएको व्यवसायीहरुले बताएका छन ।

पश्चिमाञ्चल होटल संघका अध्यक्ष भरतराज पराजुलीले दशैं पर्वको भोलिपल्टदेखि पोखरामा आफूहरुले सोचेको भन्दा बढी आनतरिक पर्यटकहरु आएको बताए । उनले भने-'पर्यटनको सिजनमा छोटो समयको लागि आन्तरीक पर्यटकहरुको आगमनले गर्दा पनि हामीमा थप उत्साह थपेको छ, यस सिजनमा गत वर्षको तुलनामा भन्दा धेरै पर्यटकहरु पोखरा भित्रिन्छन ।' पर्यटनको सिजन अक्टुवरमा जुन रुपमा पोखरामा पर्यटकहरु आउनु पर्ने सोहि अनुसार नआएको बताएका पराजुलीले नोवेम्बरमा केहि सुधार हुने आशा राखेका छन । पोखरामा हाल पर्यटकीय स्तरीय होटलको करीब ६० प्रतिशत जसो अकुपेन्सी भएको बताएका उनले नोवेम्बरमा ८०/८५ प्रतिशत पुग्ने विश्वास लिएका छन । काठमाडौंदेखि पोखरा र चितवनदेखि पोखरा आउने सडक मार्गको समेत हाल समस्या भएकोले गर्दा यस वर्ष दशैं पर्व भन्दा अघि खासै आन्तरिक पर्यटक वृद्धि नभए पनि दशै लगतै केहि दिन आन्तरिक पर्यटकहरुको सङ्ख्यामा वृद्धि भएको अध्यक्ष पराजुलीले बताए ।

उनले भने-'भूकम्पपछि तातोपानी नाकामा बन्द हुनाले पनि चाईनिज पर्यटकहरुको सङ्ख्यामा कमि आएको हो ।' साना तथा मझौला होटलहरुमा भने ३० प्रतिशत जसो होटलमा अकुपेन्सी रहेको उनले बताए । होटल पिस प्लाजाका संचालक समेत रहेका पराजुलीले यस सिजनमा एक दिन मात्र आफ्नो होटलमा अकुपेन्सी फुल भएको बताए । पश्चिमाञ्चल होटल संघमा करिब ४ सय पर्यटकस्तरीय होटल दर्ता भएको संघका अध्यक्ष भरतराज पराजुलीले बताए । उत्तिकै सङ्ख्यामा पोखरा क्षेत्रमा होटल संचालन भएका छन ।

पोखरा पर्यटन परिषदका अध्यक्ष सोम थापाले गत वर्षको भन्दा यस वर्ष पर्यटकहरुको संख्यामा वृद्धि हुने दावी गरे । उनले भने-'गत वर्ष भूकम्प र नाकाबन्दीले गर्दा पोखरामा करीब ४ लाख पर्यटक भित्रिए पनि यस वर्ष त्यो सङ्ख्या भन्दा बढी हुने छ, पोखरामा हाल पर्यटकहरु देखिए पनि गुणस्तरीय पर्यटकहरुको संख्या भने न्यून नै छ ।' पोखरा आएका पर्यटकहरुले यहाँ रहेका पर्यटकीय गतिविधिहरुमा समेत कम सहभागी हुने गरेको थापाले बताए ।

पर्यटनको गन्तव्यको रुपमा रहेको पोखरामा यस वर्षको पर्यटनको सिजनमा भने गत वर्षको तुलनामा सन्तोषजनक पर्यटकहरुको आगमन हुदै गरेको व्यवसायीहरु बताउँछन । गत वर्ष भूकम्प र नाकाबन्दीले प्रभावित भएको पर्यटन क्षेत्र यस वर्ष भने आशलाग्दो ढंगले पर्यटकहरुको आगमनमा वृद्धि भएको पर्यटन व्यवसायीहरुको भनाई छ ।

पोखराको पाँच तारे होटल ग्रान्डमा हाल ६० प्रतिशत होटल अकुपेन्सी रहेको सेल्स म्यानेजर कमल शेरचनले बताए । पर्यटनको सिजन अक्टुवर नोवेम्बरमा ९६ प्रतिशत जसो अकुपेन्सी फुल हुने समयमा यस वर्ष नोवेम्बरमा भने केहि सुधार भएर ८५ प्रतिशत पुग्ने उनले विश्वास लिएका छन ।

ग्राण्डमा ६ वटा स्वीट रुम सहित एक सय ४० रुम रहेका छन । होटल बागाहीका संचालक विप्लप पौडेलका अनुसार सडक मार्ग राम्रो नभएको कारणले गर्दा यस वर्षको दशैंको अवसरमा दुई-तीन दिनमा पोखरामा आन्तरीक पर्यटकहरुको चहल पहल भयो । देशको राजनीतिक अवस्था र भूकम्पले गर्दा थलिएको पर्यटन प्रवर्द्धन हुन नसकेर पहिलाको अवस्थामा फर्किन कठिन भएको उनले बताए ।

हाल ७० प्रतिशत जसो आफ्नो होटलमा अकुपेन्सी भएको बताएका उनले नोवेम्बरमा भने ४५ प्रतिशत अग्रिम बुकिङ भएको बताए । होटल साग्रिला भिलेज रिसोर्टका पब्लिक रिलेसन म्यानेजर अर्जुन मैनालीले हाल सागिलामा ७० प्रतिशत अकुपेन्सी रहेको बताए । चाईनिज, भारतीय र युरोपियन मूलका पर्यटकहरु हाल पोखरामा बढी आएको उनले बताए । होटल ल्याण्डमार्कका सेल्स म्यानेजर पुष्पराज चालिसेले हाल होटलमा ६० प्रतिशत अकुपेन्सी रहेको बताएका उनले नोवेम्बरमा भने सुधार हुने बताए ।

पोखरामा कति पर्यटक भित्रिए भन्ने हालसम्म कुनै निकायले पनि सहि ढंगले तथ्याङ्क राख्ने गरेको छैन । काठमाडौं आउने करीब ४० प्रतिशत पर्यटक पोखरा आउने अनुमान गरिन्छ । हवाई मार्गबाट पोखरा आउने पर्यटकहरुको मात्र लगत भेट्न सकिन्छ । क्षेत्रीय नाइ संघ पोखराका अध्यक्ष दिल गौतमले दशैंको भोलिपल्टदेखि आईतबार सम्म पर्यटक बसमा गत यात्रुहरुले चाहे अनुसारको आफ्नुहरुले सेवा दिन नसकेको बताए । आन्तरिक पर्यटकहरुको संख्यामा वृद्धि भएसरी आफूहरुले हाल दैनिक सेवा दिदै आएको २५ वटा बसबाट करिब ८ सय ७५ जना पर्यटकलाई एक पटकमा सेवा दिएको उनले जनाए । पोखरामा गत वर्षको तुलनामा विदेशी पर्यटकहरुको संख्यामा वृद्धि भएको गौतमले दावी गरे ।

एकवर्षपछि सीसी क्यामेरा फेरियो

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ कार्तिक ।

सुरक्षा प्रयोजनका लागि पोखराको मुख्य पर्यटकीय क्षेत्र लेकसाईडमा राखिएको सिसि क्यामेरा विगिएपछि पुनः नयाँ जडान गरिएको छ । लेकसाईडका विभिन्न स्थानमा राखिएको १४ वटा सिसि क्यामेरा विगिएको एक वर्षपछि नयाँ जडान गरिएको हो ।

नयाँ जडान गरिएको क्यामेरा उच्च प्रविधि युक्त छन् । मुख्य स्थानहरु सहरबजोक, जेरबर, खहरे र हल्लनचोकमा चारैतिर घुमाएर हेर्न मिल्ने पिटिजे क्यामेरा जडान गरिएको छ । अन्य स्थानमा जडान गरिएको क्यामेरा पनि फोरएक्स जुम आईपि क्यामेरा रहेको बडा प्रहरी कार्यालय वैदामका प्रहरी निरीक्षक मोहनमणि अधिकारीले जानकारी दिए । यस अर्घि लेकसाईडका स्थानियवासी र नेपाल प्रहरी को सकियतामा रु १९ लाख खर्चिएर जडान गरिएको १४ वटा सिसि क्यामेरा सबै विग्रिएका थिए । पहिले जडान गरिएको क्यामेरा न्यून गुणस्तरको भएकाले मर्मत गरी पुन प्रयोगको लागि पनि उपयुक्त नभएपछि नयाँ जडान गरिएको हो ।

पर्यटकीय क्षेत्रमा हुन सक्ने अश्रृङ्खल गतिविधि र संभावित दुर्घटना नियन्त्रणका लागि वैदामको खहरेदेखि शहिद चोकसम्म ४ किलोमिटर क्षेत्रमा सिसि क्यामेरा जडान गरिएको हो । 'पहिले जडान गरिएको क्यामेरा एउटा पनि काम नलाग्ने भएपछि नयाँ जडान गरिएको हो'-प्रहरी निरीक्षक अधिकारीले भने ।

अहिले लेकसाईडका विभिन्न स्थानमा जडित ११ वटा नयाँ सिसि क्यामेरा २४ सै घण्टा सञ्चालनमा छन । बडा प्रहरी कार्यालय वैदामका नियन्त्रण कक्ष राखिएको छ । प्रहरीले पर्यटकिय क्षेत्रको गतिविधि २४ सै घण्टा कार्यालयबाटै निगरानी गरिरहेको अधिकारीले बताए । लेकसाईडका अन्य स्थानमा पनि सिसि क्यामेरा थप्ने प्रयास भैरहेको उनले बताएका छन् ।

भूकम्पपीडित दलित विद्यार्थीलाई नि:शुल्क भर्ना

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ कार्तिक ।

पोखराको नयाँबजारमा रहेको पोखरा बहुमुखी क्याम्पसले भूकम्प पीडित र दलित छात्रालाई स्नातक तहमा निःशुल्क भर्ना गरिदिने भएको छ । सामाजिक उत्तरदायित्व अन्तर्गत क्याम्पसले विए र विविएस प्रथम वर्षमा भर्ना हुँदा शुल्क नलिने निर्णय गरेको हो ।

क्याम्पस प्रमुख सुनिल मसींनीका अनुसार तीनवर्षे विए र चारवर्षे विविएसको प्रथम वर्षमा अध्ययन गर्न चाहने भूकम्पपीडित र दलित छात्राले निःशुल्क भर्ना पाउनेछन् । 'भूकम्प पीडित र दलित छात्राका लागि गाविसले दिएको शिफारिसको आधारमा हामीले उनीहरुलाई छुट दिनेछौं,' उनले भने-'आर्थिक अभावमा पढाईबाट वञ्चित हुनु नपरोस भनेर यो छुट दिएका हौं ।' यो छुटले कम आयश्रोत हुने विद्यार्थीलाई राहत मिल्ने उनले बताए । भर्ना शुल्क २ हजार ५ सय रुपैयाँ छुट हुने मसींनीले बताए । 'सामुदायिक क्याम्पस भएकोले हामीले विद्यार्थीलाई छुटमार्फत राहत दिन चाहेका हौं,' उनले भने,-'यसले विद्यार्थीलाई पढ्नका लागि प्रोत्साहन गर्नेछ ।' भूकम्पपीडित र दलित छात्रा बाहेक अरु विद्यार्थीले पनि विशेष छुट पाउनेछन् । १२ कक्षा उत्तिर्ण हुँदाको अंक प्रतिशत हेरेर विशेष छुट दिइने मसींनीले बताए । क्याम्पसमा तीनवर्षे विए र चारवर्षे विविएसमा अध्यापन हुन्छ ।

लोकमानसिंहलाई बचाउन गाह्रो छ–देउवा

गोल्डेन न्यूज संवाददाता
काठमाडौं ३ कार्तिक ।

कांग्रेस सभापति शेरबहादुर देउवाले अस्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख लोकमानसिंह कार्कीलै राजाकालिन शाही आयोग भन्दापनि अपवित्र ढंगले अस्तियार चलाएको भन्दै उनीविरुद्ध संसदमा दर्ता भएको महाअभियोगको प्रस्तावको पक्षमा निर्णय लिने संकेत दिएका छन् ।

कांग्रेस केन्द्रीय कार्यसमितिको विहीबारको बैठकमा बोल्दै देउवाले अस्तियार प्रमुख कार्कीलाई आफूले धेरैपटक सम्झाउँदा समेत नमानेको दुःखेसो पोखेका थिए । उनले कार्की राजा भन्दापनि अंघि बढेर निरंकुश शैली अपनाउन खोजेको भन्दै उनी विरुद्ध दर्ता भएको महाअभियोगको प्रस्तावको विपक्षमा पार्टी जान अप्ठ्यारो पर्ने बताएका हुन् ।

तर, देउवाले महाअभियोगको प्रस्ताव दर्ता हुँदैछ भन्नेवारे आफूलाई प्रमुख विपक्षी दलका नेता केपी ओलीले पृष्ट नभनेको बैठकमा जानकारी दिएका थिए । 'ओलीजीले हिजो (बुधवार) बेलुका म र प्रधानमन्त्रीजीलाई बोलाउनु भयो । मैले ठाने स्थानीय तहको पुर्नसंरचनाको विषयमा छलफल होला । तर, एकैचोटी लोकामानजीले गलत काम गरे महाअभियोगको प्रस्ताव ल्याउनु पर्छ भन्नुभयो' देउवाले बैठकमा भनेको भनाई उद्धृत गर्दै स्रोतले भन्यो,'-महाअभियोगको प्रस्ताव आएको जानकारी प्रधानमन्त्रीजीले राति १० बजे टेलिफोन गरेपछि मात्रै थाह भयो ।' देउवाले आफ्नो पार्टीको बैठक बस्दै गरेकाले त्यहाँसम्म पर्खन आग्रह गरेको बताएका थिए । बैठकमा कांग्रेस नेता कृष्णप्रसाद सिटौलाले प्रमुख आयुक्त कार्कीको कामकारवाही अदालतको न्याय सम्पादनलाई असयोग गर्ने खालको भएकाले तत्काल सभापतिले प्रस्ताव ल्याएर महाअभियोगको प्रस्तावको पक्षमा निर्णय लिनुपर्ने माग राखेका थिए ।

'यसमा धेरै छलफल गराईराख्न आवश्यक छैन, सभापतिजीले प्रस्ताव ल्याएर निर्णय लिनुपर्छ' सिटौलाको भनाई थियो,'अदालतको न्याय सम्पादनमा जसरी उनले असहयोग गरेका छन यसलाई बचाउन सकिदैन ।'

बैठकमा कांग्रेस नेता गगन थापा कार्कीको नियुक्तिमा ऐतिहासिक गल्ती भएको बताउँदै त्यसलाई सच्चयाउने अवसर आएको बताए । अस्तियार प्रमुख कार्कीले राज्य संयन्त्रलाई नै भ्रष्ट

बाँकी अन्तिम पृष्ठमा.....

'विद्यार्थीले नेपाललाई बुझ्नुपर्छ'

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ कार्तिक ।

त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति प्रा केदारभक्त माथेमाले नेपाली विद्यार्थीले सर्वप्रथम नेपाललाई बुझ्न सक्नुपर्नेमा जोड दिएका छन् यान्डम रिडर्स सोसाइटी अफ नेपालद्वारा अविहीवार पोखरामा आयोजित 'जोन हल्टको असफल स्कुल' पुस्तकबारे परिचर्चा एवम् अन्तर्क्रिया कार्यक्रममा उहाँले विद्यार्थीमा सर्वप्रथम देशको पहिचान हुनु अपरिहार्य भएको बताए ।

शिक्षा क्षेत्रको समग्र विकासका लागि सम्बद्ध सबै पक्ष र निकायको सहकार्य एवम् सामूहिक प्रयास आवश्यक रहेको भन्दै उनले सो पुस्तकमा व्यक्तिको पहिचान उसका गुण, रुचि एवम् विश्वासका आधारलगायतका धेरै विषय मननयोग्य भएको बताए ।

विद्यार्थीको समग्र रुचि तथा उसको क्षमताका आधारमा मात्र अध्ययनका लागि विषय छनोट गर्नुपर्नेमा नेपालमा पछिल्ला समयमा अभिभावकले जसरी पनि चिकित्सक बनाउन खोज्नेजस्ता प्रवृत्ति अन्त्य हुनुपर्ने उनको भनाइ थियो ।

शिक्षा मन्त्रालयका सहसचिव हरि लम्सालले नेपालको समग्र शिक्षा पद्धतिलाई सुधार गर्न एक अर्कामा आरोप प्रत्यारोपणबाट सम्भव नहुने भएकाले सबैको साझा र एकताबद्ध प्रयास आवश्यक भएको बताए ।

कार्यक्रममा त्यान्ड्म रिडर्स सोसाइटी अफ नेपालका अध्यक्ष उपेन्द्र पौडेल, उपाध्यक्ष केशवशरण लामिछाने लगायतले नेपालको समग्र शिक्षा प्रणालीलाई समयानुकूल गुणस्तरीय बनाउने लगायतका विषयमा गम्भीर बहस एवम् छलफल आवश्यक रहेकामा जोड दिए ।

पोखरामा फोटो प्रदर्शनी शुरु

पोखरा ४ कार्तिक ।

क्रियाः ग्राफी भक्तपुरको आयोजनामा विहीवारदेखि पोखरा आर्ट ग्यालरीमा फोटो प्रदर्शनी सुरु भएको छ । भक्तपुरको कला, संस्कृति, चाडपर्व, रहन-सहन र जीवनशैलीमा आधारित फोटोग्राफे पोखरावासीलाई जानकारी गराउने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको संस्थाका अध्यक्ष अच्युत प्रजापतिले जानकारी दिए । प्रदर्शनी तीनसम्म चल्नेछ। प्रदर्शनी सकिएपछि कात्तिक ७ गतेदेखि विशेष फोटोग्राफी तालिमसमेत आयोजना गरिनेछ । तालिममा यस क्षेत्रका ३० कलाकारको सहभागिता रहने छ । नेवाखेल कास्कीका अध्यक्ष अशोक पालिखेले प्रदर्शनी शुभारम्भ गर्दै कला र संस्कृतिको संरक्षण संविधानमा लेखेर मात्र हुदैन हामी आफैले सुरुवात गर्नुपर्ने बताए ।

'नपाको योजनाहरुलाई सफल बनाउन सहयोग आवश्यक'

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ कार्तिक ।

पोखरा उपमहानगरपालिकाका कार्यकारी अधिकृत नवराज ढुंगानाले नगरको विकासका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन गरि तीन खाले योजना बनाएर अघि बढ्ने बताएका छन् । बहस केन्द्र नेपाल पोखराले संस्थाको कार्यालय गैह्रापाटनमा विहीवार आयोजना गरेको छलफल कार्यक्रममा बोल्दै ढुंगानाले योजनाहरु सफल पार्न सबैको सहयोग आवश्यक रहेको बताएका हुन्। हालै नगरको कार्यकारी अधिकृतमा नियुक्त भएका उनले यस क्षेत्रमा रहेको फुटपाथ अतिक्रमण अन्त्य, व्यवस्थित पार्किङ, छाडा चौपाय नियन्त्रण लगायतका कार्यक्रम थाल्न आफुले तीन चरणका कार्ययोजना सुरु गर्ने जानकारी दिए । कार्यक्रममा बोल्दै उनले नगरपरिषदबाट स्वीकृत योजनालाई कार्यान्वयन गर्नुनै आफ्नो प्रथम दायित्व रहेको बताए । उनले नगरपालिका कार्यालयले प्रदान गर्ने सेवा व्यवस्थित बनाउँदै लैजाने बताए । कार्यालयका भौतिक पूर्वाधारहरुलाई व्यवस्थित एवं अपाङ्गमैत्री बनाउँदै लैजानेमा उनले जोड दिए । अधिकृत ढुंगानाले एकिकृत सम्पत्ति कर बृद्धिबारे उचित छलफल र परामर्श लिने बताए । विहीवारबाटै नगरपालिकाले विजयपुरदेखि पृथ्वीचोकसम्मको बाटोमा भएको सडक अतिक्रमण हटाउन सूचना जारी गरेको जानकारी दिँदै कानून कार्यान्वयन गर्न सबैले सहयोग गर्ने विश्वास व्यक्त गरे ।

आयोजक संस्थाका संयोजक अनुप प्रकाश पौडेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा नागरिक समाजका अगुवाहरुले नगरपालिकाका कामकारवाहीवारे सुझाव दिएका थिए ।

नागरिक समाज पोखराका संयोजक रामबहादुर पौडेलले पोखराका विभिन्न भेगमा रहेको सार्वजनिक जग्गाजमिन अतिक्रमण भएको भन्दै अधिकृत ढुंगानाको ध्यानाकर्षण गराएका थिए । पोखराको सार्वजनिक जग्गा अतिक्रमण गर्न भू-माफिया सक्रिय रहेको अवगत गराउँदै उनले माफियाराज अन्त्य गर्न माग गरे । टोल विकास संस्था समन्वय समितिका अध्यक्ष उज्जवल खत्रीले पोखराका २९ वटा बडामा पाँच सय वटा भन्दा बढी टोल विकास संस्था आबद्ध रहेको जानकारी दिए । टोल विकास संस्थाहरु नगरपालिकासँग समन्वय गर्दै काम गर्न तयार रहेको उनले बताए ।

उपभोक्ता मञ्च कास्कीका अध्यक्ष कपिल कोइरालाले नगरपालिकामा खाद्य निरीक्षण अधिकृत आवश्यक रहेको औंल्याए । एकिकृत सम्पत्ती कर अव्यवहारिक रहेको बताउँदै त्यसमा पुनःविचार गर्न उनले सरकारको ध्यानाकर्षण गराए । प्रगति नगर टोल विकास समितिका अध्यक्ष प्रकाश भुजेलले पोखरा विमानस्थलको पछिल्लोतर्फको बाटोको अवस्था सुधार्न माग गरे ।

नागरिक अगुवाहरु शिवप्रसाद गौतम, मन्दरा ढकाल, सुशीला वाग्ले, सीता गुरुङ, पोखरा उपत्यका नगर विकास समितिकी सदस्य माया पराजुली, पत्रकारहरु यज्ञराज पौडेल, कमल पौडेल अथक, उदयबहादुर अमात्य लगायतले मन्तव्य राखेका थिए । सरिता तिमिल्सिना पंगेनीले कार्यक्रमको महत्वबारे प्रकाश पारेकी थिइन् ।

पोखरा उप-महानगरपालिका कार्यालयको विजयपुर पुलदेखि पृथ्वीचोक (लखनचोक) सम्म सडकको दायाँ-बाँया सडक मापदण्ड विपरित निर्माण गरिएका

भौतिक संरचना तथा निर्माण सामाग्री हटाउने बारेको सूचना !

आदरणीय नगरवासी दाजुभाई तथा दिदीबहिनीहरु विजयपुर पुलदेखि पृथ्वीचोक (लखनचोक) सम्म सडकको दायाँ-बाँया (Right of way) मापदण्ड विपरित निर्माण गरिएका संरचना तथा निर्माण सामाग्रीहरु तथा अन्य सामाग्रीहरु राखी बाटो अतिक्रमण भएकाले आवागमनमा बाधा पुग्न जाने कुरालाई मध्यनजर राख्दै यस्ता सामाग्रीहरु २०७३ कार्तिक १८ गते बिहीबारसम्म स्वयं आफैले हटाउनुहुन यो सूचना प्रकाशन/प्रशारण गरिएको छ । अन्यथा नहटाइएमा यस कार्यालयको तर्फबाट हटाउने र हटाउँदा लाग्ने सम्पूर्ण खर्च कानून बमोजिम सम्बन्धित घरधनी/व्यवसायीहरु बाटै अशुल उपर गरिने व्यहोरा जानकारीका लागि सूचित गरिन्छ।

पोखरा उप-महानगरपालिका कार्यालय
पोखरा, कास्की

■ अरुको भनाइ अनुसार सधैं नचल। आफ्नो निर्णयलाई गुरु मान। अरुको बाटोमा हिँड्ने मानिस कहिल्यै उच्च कोटिमा पुग्न सक्दैन। ई.एम.पाण्डे

कविता

विकास

✍जीवनराज बुढाथोकी

विकास आउँदैन, बाजा बजाएर,
नत आउँछ यो, हावामा सपना सजाएर,
केवल, दशनंग्रा खियाएर,
दुरदृष्टिले चियाएर !!

विकास आउँदैन, धम्कीध्वाँस देखाएर,
नत आउँछ यो, हात लप्काइ बोलाएर,
केवल, पसिनाका धारा बगाएर,
अदम्य साहस देखाएर !!

विकास आउँदैन, देवदेवी भाकेर,
नत आउँछ यो, कहिल्यै अरुसंग मागेर,
केवल, कोटियौं जन, एकसाथ जागेर,
काँधमाकाँध हातमाहात राखेर !!

विकास आउँदैन, देखासिखी गरेर,
नत आँउछ यो, योजना कागजमा कोरेर,
केवल, आफ्नो अपरिहार्यता समेटेर,
अर्थ, स्रोत चुहिने प्वाल टालेर !!

विकास आउँदैन, भाषणमा लटपटिएर,
नत आउँछ यो, सयौं इच्छाहरु समेटिएर,
केवल, एकदुइलाई प्राथमिकता दिएर,
अनगिन्ती चाहना विर्सिएर !!

पहाडमुनीबाट रेलमोटर, एकसाथ धेर,
ओहरदोहर आलीकाप्वालबाट, मुसा झैं गरेर,
विकासको स्वरुप, अनुपम यो हेर,
असंभवलाई संभव तुल्याएर !!

खलंगा ५, सल्यान
हाल: मैतीदेवी काठमाडौं

आजको पञ्चाङ्ग

मिति २०७३ साल कार्तिक ५ गते शुक्रबार, तदनुसार अक्टुबर २१ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३६, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार कार्तिककृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज कार्तिककृष्णपक्षको षष्ठी तिथि अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा मिथुन राशिमा अहोरात्र रहनेछ। आज दिनमान २८ घटि २२ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ०७ मिनेटमा विभिषण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर २८ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : सन्तानको सहयोगले अधुरा कार्य पूरा, उत्साह उमंग थपिनाले दिन अत्यन्तै राम्रो रहनेछ उपयोग गर्नुहोला।

वृष : शत्रुहरू सक्रिय हुनेछ, धनमल हराउन सक्नेछ, कारात्मक सोचाइले गर्दा आर्थिक नोक्सानी, दिन खराब रहनेछ।

मिथुन : खेलकुदबाट मनोरञ्जन प्राप्त हुनेछ, सकारात्मक सोचाईले गर्दा आर्थिक लाभ, स्वास्थ्य राम्रो रहनेछ।

कर्कट : स्वास्थ्यमा खराबी आउन सक्नेछ, पढाई असफल हुन सक्ने, दिनभर नैरास्यता बढ्ने, समय खराब छ।

सिंह : मनमा उत्साह बढ्नेछ, स्वास्थ्यमा क्रमिक सुधार, वैदेशिक रोजगारको अवसर मिल्नेछ, समय राम्रो छ।

कन्या : यात्रामा अवरोध हुन सक्नेछ, पेट रोगले सताउनेछ, स्त्रीवर्गसँग किचलो हुनेछ, गरेको कार्य अर्थहिन हुनेछ।

तुला : धार्मिक कार्यतिर समय खर्च, पति-पत्नीबीच वैमन्यश्यता, आम्दानीका श्रोत घट्ने, दिन खर्चालु हुनेछ।

वृश्चिक : मनोरञ्जन तिर मन जाने, रमाइलो भ्रमणको अवसर, पारिवारमा खुसीयालीले गर्दा दिन सुखमय हुनेछ।

धनु : इष्टमित्रबाट सहयोग गर्नेछन, आफन्तसंग रमाइलो भेटघाट, प्रेम-प्रसँग सुमधुर, यात्रा फलदायी रहनेछ।

मकर : टाढाको यात्रामा शारीरिक पीडा, सोचेजस्तो काम गर्न असफल, आफन्तबाट धोका, दिन सामान्य रहेकोछ।

कुम्भ : शत्रुमाथि विजय, घरमा नयाँ चहलपहल, धनलाभ हुनेछ, सबै काममा राम्रो सफलता मिल्नेछ, समयको शुभ छ।

मीन : सरकारी काम असफल हुनेछ, पारिवारिक विवाद थपिने, दीर्घ रोगको सुरुवात हुनेछ सतर्क रहनुहोला।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

साहित्य/सिर्जना

'सुदृढ मन, सुन्दर जीवन':जोगी हुन होइन, जोगिन सिकाउने पुस्तक

✍मनोज भण्डारी



विज्ञानका पिता अल्वर्ट आइन्स्टाइनले भगवद्गीता पढेपछि पूर्वीय सभ्यताप्रति आफू चिरऋणी भएको र भगवद्गीता उत्पेरणाको स्रोत भएको दाबी गरे। विश्वचर्चित महापुरूष थोरोले 'आफू प्रत्येक उषाकाल गीताको ज्ञानामृतले स्नान गर्न कुरा स्वीकारे। प्रसिद्ध ब्रिटिस कवि टी. एस. इलियटले श्रीमद्भगवद्गीताको गहन अध्ययन गरिसकेपछि ठोस निष्कर्ष निकाले, 'पूर्वीय दार्शनिकका सामु पश्चिमी दार्शनिकहरु भर्खरै स्कूल जाने उमेर भएका बच्चाजस्ता प्रतीत हुन्छन्।

गीताको मुक्तकण्ठले प्रशंसा गर्नेहरुको सूची लामो छ। पाश्चात्य मनीषीहरुद्वारा यतिविघ्न प्रशंसित गीता हाम्रो भूमिमा आइपुग्दा 'भिल्लको देशमा मणि'झैं भएको छ। अझै पनि गाउँघरमा कहावत छ, 'गीता पढे बौलाइन्छ।' न गीता उपदेश गर्ने जोगी हुन्, न सुन्ने जोगी हुन्। 'गीता पढे जोगी नै भइन्छ' भन्ने अफवाह यति हुँदाहुँदै पनि विद्यमान छ।

वेदव्यासकै भनाइमा सारा उपनिषदहरु गाई हुन्, कृष्ण दुहुनेवाला, गीता दूध र अर्जुन पिउनेवाला हुन्। गीताको महासागरमा पसेर मोती निकाल्नु निःसन्देह अप्ठ्यारो काम हो। अझ, त्यो विरासत सही ढङ्गले सजाएर बाँड्नु अर्को खुबी हो। 'सुदृढ मन, सुन्दर जीवन' का लेखक आचार्य लक्ष्मण भण्डारी त्यो खुबीका मालिकका रुपमा देखा पर्देका छन्।

विषादग्रस्त अर्जुनलाई भगवान् श्रीकृष्णले उपदेश गरेको गीता अनेकौं टीकाटिप्पणी र भाष्यले सुशोभित छ। आचार्य लक्ष्मण भण्डारीले गीताको टीका गरेका छैनन्, अपितु गीतावृक्षका केही कलिला पालुवा टिपेर जडीबुटी बनाएका छन्।

अनमोल दृष्टान्त, सनातन जीवनदर्शन, जीवनमूल्य, हामी हाँसे संसार हाँस्छ र संसार जित्ने सूत्रका प्रणेता भण्डारी 'सुदृढ मन, सुन्दर जीवन' लिएर उपस्थित भएका छन्। २२३ पृष्ठको पुस्तकमा २६ वटा अलग शीर्षकका अध्यायहरु छन्। तिनैमा पुस्तक विस्तारिएको छ। अध्यायहरुमा भण्डारी व्यँझाउँछन्, 'जीवन अप्ठ्यारोहरुदेखि भाग्नुको नाम होइन, लड्नुको अर्को नाम हो।' यसलाई प्रस्ट पार्न भण्डारीले चारवटा मैनवत्तीको सन्दर्भ सापटी मागेका छन्। अर्को अध्याय बोल्छ : 'मृत्युभन्दा मृत्युको भय खतरनाक हुन्छ। ओशोको 'मैं मृत्यु सिखाता हूँ' को स्टायलमा। शान्तिका लागि संशय छोडेर, समर्पणको बाटो रोज्ने आग्रह छ, भण्डारीको। छैटौं अध्यायमा आस्तिकता र नास्तिकताको विशद विश्लेषण गरेर भण्डारी निष्कर्ष निकाल्छन्, 'नास्तिकता अहङ्कारको दर्शन हो भने आस्तिकता स्वीकारको दर्शन हो।'

भण्डारीको अघिल्लो पुस्तक 'संसार जित्ने सूत्र'मा संसार जित्न आफ्नै मन जित्नुपर्ने कुरा अघि सारिएको थियो। पाठकहरुलाई लाग्दो हो, भण्डारीले मन जित्ने तरिका चाहिँ भन्न बिर्से। त्यसको क्षतिपूर्ति सातौं अध्यायमा गर्दै गीताको पाँइत अघि सारिएको छ, 'अभ्यासेन तु वैराग्येन च गृह्यते।'

आठौं अध्यायमा कार्लमार्क्सको द्वन्द्वात्मक भौतिकवादको र गीताको साम्यवादको साम्य वैषम्यको तुलना गरिएको छ। भारतका सुप्रतिष्ठित सन्त करपात्रीजी महाराजले 'मार्क्सवाद और रामराज्य'मा लेखेका छन्, 'मार्क्सवादमे दोदो' नहीं नहीं' होता है, रामराज्यमे लोलो' नहीं नहीं' होती है। भण्डारीले जड र चेतनको भेदाभवसमेत निराकरण गरेका छन्। सर्वत्र उपस्थित भएको परमात्माको दर्शन नहुनुमा विश्वासको अभावलाई कारणको रुपमा दर्साएको छ, नवौं अध्यायले। यसलाई पढेपछि सारा पढिन्छ, त्यो नपढेसम्म पढ्नुको अर्थ भण्डारी देख्दैनन्।

भण्डारीको बुझाइमा जागरण खहरेको आवाज होइन, समुद्रको गहिराइ हो। गीताकै भाषामा भन्दा 'स्थितप्रज्ञता' हो। गीताको लक्ष्य मुक्ति हो, कर्म होइन। अझ भनूँ भने कर्मबाट पनि मुक्ति त होला, तर बाटो नहिँडी सगरमाथा चुम्दैन। कर्महीनताको अर्को नाम नैष्कर्म्यता होइन। भण्डारी अध्यायहरुमा गीताका ज्ञान उभाउँदै बाँड्दै गर्छन्। कर्मको महत्ताको निरुपणमा भण्डारीले ४ अध्याय खर्चेका छन्।

'जीवनको अन्तिम कालमा लिइएको मति नै जीवनको आगामी गतिको निर्धारक हुन्छ'-यो गीताको उद्घोष हो। तर, अन्तकाल मड्सिर हो, पूरा जीवन असार-साउन-भदौ-असोज-कात्तिक हो। असारमा असल बीउ रोपिएन भने मड्सिर सुखदायी नहुने भण्डारीको जिकिर छ।

दार्शनिक सुकरात भन्दछन् : 'जो प्रेमले सुझिन सक्दैन, ऊ कुनै पनि उपायबाट सुझिन सक्दैन। भण्डारी त्यसमा थप्छन्, 'प्रेम आकर्षणको अर्को नाम होइन। प्रेम भन्नु त समर्पण हो। देवर्षि नारद भने 'नारद भक्तिसूत्र'मा त्यही परम प्रेम नै भक्ति हो भन्दछन्।

ईश्वर साकार छन् कि निराकार ? यसको उत्तरमा भण्डारी 'दुवै' भन्न रूचाउँछन्। गुणबाट गुणातीत अथवा सगुणबाट निर्गुणतिर उन्मुख भक्तियात्रा भण्डारीको ठम्याइमा सही हो।

'सनत्सजातीयम'मा सनत्कुमार भन्छन् : 'प्रमाद नै मृत्यु हो।' भण्डारी एक्काइसौं अध्यायमा भन्छन्, 'सार्थक जीवन नै अमरता हो।' क्षणभङ्गुर र पीडादायी आसुरी सम्पत्तिलाई त्यागेर दैवी सम्पत्ति कमाई धनी बन्न भण्डारी घच्चाघच्याउँछन्। धनी बन्ने तरिका चाहिँ तेइसौं र चौविसौं अध्यायमा उल्लिखित छन्।

तमोगुण हुँदै रजोगुण र सत्वगुणको यात्रामा हिँड्न सुरूवात भोजनबाट गर्नुपर्ने भण्डारीको मत छ, किनकि पवित्र भोजन नै पवित्र जीवनको जनक हो भन्ने कुरा लक्ष्मण भण्डारीलाई राम्रोसँग थाहा छ।

'अतिवाद' त्यागेर मध्यमार्ग अपनाउनु पर्ने सन्देश दिँदै परिणाम सुखदायी हुने कार्य आरम्भमा सुख हुने कार्यभन्दा बढी महत्वपूर्ण हुने जनाउँदै त्यो सुख तामस भएको जानकारी लेखकले अन्तिम अध्यायमा दिएका छन्।

नेपालको तनहुँ जिल्लाको सदरमुकाम दमौलीमा जन्मेका वेदव्यासले रचेको महाभारत भीष्मपर्वमा 'श्रीमद्भगवद्गीता' समाविष्ट छ। गीता संसारका लागि नेपालले दिएको उपहार हो। युगौंपहिले गरिएको गीताको उपदेश आज आइपुग्दा असान्दर्भिक बनेको भने छैन। भण्डारीको अन्तर्मन बोल्छ, 'मैदान फेरिएला, पात्रहरु फेरिएलान्, हामीले गर्ने काम र सङ्घर्षको रुप फेरिएला, तर गर्ने त जहाँ गए पनि सङ्घर्ष नै हो, युद्ध नै हो।' नेपाली पाठकले चाहेका हिरो, 'ब्यक्तुक ब्रुउभि' जस्तो गीता एकपटक त पढी हेर्ने। बहुलाइएला कि नबहुलाइएला ? जोगी भइएला कि नभइएला ? लक्ष्मण भण्डारीले त्यो प्यासको तृप्तिका निम्ति धेरथोर यत्न गरेका छन्। गीतादर्शनमा आधारित 'सुदृढ मन, सुन्दर जीवन' पाठकहरुले प्रथमतः पढ्न। यो पुस्तकले जन्माएको कुतकुती मेट्न 'गीता' नै पढून। अनि पाठकले थाहा पाऊन्, 'गीता पढेर मान्छे जोगी हुँदैन, बरू जोगिन सक्ने हुन्छ अप्ठ्यारोहरुका बीचमा पनि, संसारको हिलोमैलोमा पनि।

भण्डारी संस्कृत, नेपाली र अङ्रेजीका आचार्य हुन्। कवि हुन्। रेडियोमा भण्डारीका प्रवचन बज्दछन्। अखबारमा छापिन्छन्। बहुआयामिक प्रतिभा भण्डारीका 'फ्यान'मात्र छैनन्, फलोअर्स पनि उत्तिकै छन्।

अघिल्ला दुई जुम्ल्याहा पुस्तक स्वतन्त्र प्रवचनजस्ता थिए भने यो पुस्तक गीताको 'लिक'मा चक्का राखेर वरपर चियाउँदै हिँडेको रेल हो। कृतिका फेन्टेसी र फ्याक्ट दुई पक्ष हुन्छन्। भण्डारीका अघिल्ला पुस्तकमा दृष्टान्तले फेन्टेसीको काम गर्थे र फ्याक्टलाई बरु मद्दत पुग्थ्यो। यस कृतिमा भने फ्याक्टपट्टि गहिरिँदा पाठक हृदयले खोज्ने फेन्टेसीपट्टि भण्डारीले ध्यान नदिएको देखिन्छ। नेपाली भाषाको सर्वसम्मत मानकीकरण नभैसकेको परिस्थितिको छनक पुस्तकमा प्रतिबिम्बित हुने भैहाल्यो, तापनि पुस्तक मोटा खाले अशुद्धिबाट लगभग मुक्त छ।

पुस्तकमा भण्डारी अध्यात्मिक चेत भएका साहित्यकार नभएर साहित्यशीत्य बोकेका अध्यात्म चिन्तक बनेका छन्। साहित्य र अध्यात्मको अन्तरसम्बन्धको मीमांसा यो समयमा लक्ष्मण भण्डारीहरुबाटै हुने देखिन्छ।

यो पुस्तकका लक्षित वर्ग संस्कृतका प्रकाण्ड विद्वान् होइनन्, न त भण्डारीको उद्देश्य नै तदनुकूल छ। यसका खास पाठक जीवनको कुरूक्षेत्रमा लडिरहेका अर्जुनहरु हुन्। विषादग्रस्त अर्जुनहरुले यस कृतिलाई सारांश श्रीकृष्णका रुपमा पाऊन्। भण्डारीको मसी अँवरल रुपमा पाठकले चाख्न पाऊन्। अस्तु।

नेपाली कथा : निर्णय

✍विना तामाङ 'सुनगाभा'

अन्त्यमा मैले छोडिँदिए उस्लाई। लेख्न के नै बाँकी रह्यो र अब ? अन्तिम बिन्दु नै शुरुवातको गजबार बनेपछि ! तर हैन म अझै सानो एउटा छिद्र देख्दैछु जहाँबाट म यो सुन्दर संसार चियाउन सक्छु भले म त्यो घामको न्यानो रापमा सेकिनबाट बञ्चित हुँला तर म त्यो उज्यालो हेर्न र महशुस गर्न सक्छु अध्यारो बस्तीमा बसेर पनि। हो यहि प्रयाप्त हुनेछ किनकी एउटा शरीरको लागि तीन बित्ता जमिन भए पुग्छ पुरै ब्रहमाण्ड चाहिदैन। यहि सिदान्तमा अडिएर जीवन निर्वाह गर्ने हो भने पक्कै पनि जीवनले आफ्नो सार भेट्नेछ हैन भने कुनै दिन म पनि सडक र गल्ली गल्ली घुमिहिड्नेछु 'पागल' को उपनाम भिरेर। त्यसो भए किन नलेख्ने ? लेख्छु। त्यसको लागि मात्र मन् हुनुपर्छ जुन मसंग पहिल्यै देखि छ। अब मनलाई फकाउने,खुसी बनाउने आफ्नै हातको बात को कुरा न हो। हो आज उहि मनलाई मैले निकै बेर थुम्थुम्याएर किरण सामु कठोर निर्णय सुनाए।

"किरण आजदेखि हामी कहिल्यै भेट्ने छैनौ। चाहेर नचाहेर मानिसको जीवनमा अनगिन्ती नरमाईला क्षणहरु आउँछन्। त्यिनीहरु मध्ये यो पनि एक हो भन्ने मैले सोचेकी छु। त्यसैले एउटा नमिठो सपना ठानेर बिर्सिदेउ। हाम्रो यात्रा आज अहिले यहिसम्मको लागि रहेछ। यहिबाट हाम्रो यात्रा अलग धारमा बहनेछ।' निलो आँखामा कस्तो परिवर्तन देखेथे मैले यसो भनिरहदाँ। सायद अनियन्त्रित भएर होला आँखाको डिलबाट पानी झर्दै थियो म आफै पनि धेरै बेर त्यहाँ अडिन नत्र मैले भन्दैमा रोक्न सक्थे र गालामा आँशु पोतिनबाट।

एकैछिन त यो मन्ले मलाई कस्तो विचलित गरायो। फकिएर त्यो आँशुपुछिदे भन्दै थियो। टक्क अडिएकी पनि हुँ त्यो रेस्टुरांको ढोकामा पुग्दा। एकैछिन् मेरो मन र मेरो विचारको पौठेजोरी नै पर्‍यो। कति कष्ट भएथ्यो " कसैको जीवन तहस नहस पार्न हुन्न तैं ले। जे गरिस ठिकै गरिस्।" भनेर मन्लाई थुम्थुम्याउन। निकै बेर अटेर गरिरहेथ्यो। तर मेरो मन् हो मैले मनाईछाडें। यसो गरिरहदाँ म आफ्नै हातले आफ्नै जीवनको चितामा दागवत्ती दिदैथिए। म यति कठोर भएथें त्यतिखेर सायदै हुँला भावी दिनहरुमा त्यस्तो कठोर अनि निर्दयी। हुन त त्यो कठोरताभित्र एउटा कोमल फूल सुरक्षित थियो। त्यो त कि मलाई मात्र थाहा थियो कि भगवानलाई। यद्यपी म आफै भने त्यो कठोरताले च्यातिएकी थिए, धुजा धुजा भएकी थिएं। साँच्चै कसरी सकें भन्न यी सब जब कि म किरणलाई पछिल्लो ३ वर्ष देखि अगाध प्रेम गर्दै आईरहेकी थिएं। अनवरत मायाका रङगहरु छर्दै आएकी थिएं। कसरी कि‍कें सलंक्कै जसलाई आँखाभरि सजाएकी थिएं, मुटुभरि पोतेकी थिएं।

आह ! लाग्छ अकल्पनिय दुर्घटनामा म पर्‍छु। आन्तरिक दुर्घटना जसको प्रत्यक्षदर्शी सिर्फ म थिएं। अनि घाईते पनि म नै ।दृष्टित मन भए पनि मैले सहनु छ सबै चोट ,बेहर्नुछ सबै घटना अनि भर्तालि गर्नुछ जीवनको यो अंश।

सब सब भोग्नुछ गर्नुछ मात्र मात्र म जस्तै एउटा नारी हृदयलाई टुकिन,माँचिनबाट जोगाउन। हो यहिनेर वेस्सरी दुख्छ मन्। रक्तामय हुन्छ कि अन्जानमै मैले कुनै कोमल मनलाई आघात पुर्‍याएं। कसैलाई यति धेरै दुखाईछु। त्यतिखेर मैले साबधानी पुर्वक शब्दहरुको मल्हम नलगाईदेको भए आज यतिखेर म हत्यारामा परिणत भैसक्थें। आधा मानुं भनेको पुर्ण मृत्यु हो भन्ने सोच्छु अझ त्यो पनि भावनात्मक रुपमा हो भने त १०० प्रतिशत नै।

मैले त्यो अर्ध मृत्यु हुनबाट कसैलाई जोगाएं। आफू क्षत विक्षत हुँदैं गए पनि कसैकोमा पालुवा लगाउँदै गएं र त यति धेरै पीडाभित्र पनि म आनन्द महशुस गर्दैछु। मेरो कारण भल्किएको मनमा छानो लगाएकी छु। सही सलामत राखिदिएं उसको राज्य जहाँबाट उनि भन्डै भन्डै विस्थापित भैसकेकी थिइन्। हो उनि किरणको राजमहलकी ऐश्वर्या थिइन् जसलाई किरणले वर्षौं अघि विवाहमण्डपमा सात फेरो लगाएर, आफ्नै हातले सिन्दुर भरेर, सगैंबाँच्ने सगै मर्ने कसम् खाएर पुरै समाजलाई साक्षी राखेर भित्याएंको थियो। मलाई अहिले पनि बडो उदेक लाग्छ मैले कसरी त्यो सुकोमल मनलाई चोट पुर्‍याएं ? जो म जस्तै नारी हृदयकी थिइन्।

वास्तवमा त्यो दिन मैले रुकुलाई बसपार्कमा नभेटेकी भए अझै पनि दुखाईरहन्थें होला। निकै लामो प्रतिक्षा पश्चात उनले त्यस दिन मलाई फेला पारेकी रहिछिन्। मलाई भेट्ने वितिक्कै उनले भनेकी थिइन " हजुर नै हो शालिनी ? मैले कति दिन भो हजुरलाई भेट्न खोजेकी। मेरो कुरालाई अन्यथा नलिदिनुहोला। म किरणको पत्नी हुँ। एक महिना भो काठमाडौं आएकी। अहिले म उहाँसंगै यहि बस्दै आएकी छु। मलाई थाहा छ हजुर किरणसंग प्रेम गर्नुहुन्छ र किरण पनि हजुरलाई माया गर्नुहुन्छ। यसैको कारण होला किरण मलाई रुचाउनुहुन्ना मेरो छाँया पनि मन् पराउनुहुन्न। त्यसो हो भने म कहाँ जाउँ ? उहाँले त ३ वर्ष भैसक्यो मलाई गाउँमै छाडेर आउनुभएको तर यसपाली घरका सबैले संगै बस्न सल्लाह दिएपछि आएकी हुँ। यहाँ आएपछि थाहा भयो उहाँ हजुरलाई मन् पराउनुहुन्छ। मलाई हेर्नुस् त। मेरो निरश जीवन हेर्नुस त। के मेरो संसार यहि हो ? यसैमा म बाँचु या मरुँ ? निर्णय तपाईं दिनुस।" म अवाक भएथें त्यस दिन त्यसै क्षण जतिखेर मैले प्रेम गरेको किरण भन्ने व्यक्ती विवाहित हो भन्ने जान्दैथिएं। आफू उभिएको धरातल भासिएझैं लागेको थियो। म म नभएर कुनै जडवत मुर्ती भएकी थिएं। टाउको भनन्न भएको थियो। भण्डै पुरै ब्रम्हाण्ड घुमिरहेझैं लागिरहेथ्यो। केहि बेर पछि मैले आफूलाई सम्हाले, सम्हालिनु आवश्यक पनि थियो र भनें "सायद मैले दुखाएं। तपाईं जानुस। अब उपरान्त तपाईले मसंग यस्तो गुनासो गर्नुपर्ने अवस्था आउनेछैन।' यति भनेर म हिडें। मलाई अरु केहि भन्नु थिएन। केहि सोच्नु थिएन। मात्र एउटा निर्णय गर्नु थियो। मात्र एउटा निर्णय।

हुन त यहाँ धेरै यस्ता नारीहरु पनि देखेकी छु जो कुनै पुरुषको निर्देशनमा नाच्दै आफू जस्तै अर्को नारी माथि अन्याय गर्न पुग्छन्।आफ्नो ओठमा खुसी भर्न अरुको मुस्कान खोस्छन्। आफ्नो जीवन भरिभराउ पार्न अरुको जीवन रित्तो बनाउँछन्। यस्तोमा मलाई मात्रै किन आदर्शवान नारी बन्न परेको होला ? जस्तो पनि लाग्छ घरि घरि। म पनि त त्यसै गरि आफ्नो खुसी भर्न सक्छु, अरुको जीवन उजाड्न सक्छु। तर जब म आत्म मूल्याङ्कन गर्छु तब लाग्छ वास्तवमै उनि पनि म जस्तै नारी हुन्। उसंग पनि मन् छ, उमङ्ग छ, आफूलाई कसैले आघात पार्दा दुख्छ भने पक्कै पनि उसलाई पनि दुख्छ। हामी नारीले नारी पीडा बोध नगरे कसले गर्छ ? पक्कै पनि कुनै पुरुषले गर्दैन। यदि गर्दो हो त किरणले "म अविवाहित हुँ।' भनेर किन ढाँट्थ्यो ? किन मलाई आजसम्म भ्रममा राख्ने दुश्प्रयास गर्थ्यो ? उनिहरु त नारीलाई कुनै सुगन्धित फूल भै टिप्छन्, सुँघ्छन् अनि फाल्छन्। यस अर्थमा मैले यो निर्णय गरें कि त्यो पुरुषवादी सोचले ग्रस्त मान्छे जस्ले आफ्नो श्रीमती र मलाई उहि सुगन्धित फूल भै टिप्न,सुँघ्न र फाल्न खोज्यो आज उसैलाई म फाल्छु, कुल्चिन्छु र रौंदछु मेरो पैताला मुनि। हो यहि विचारको पहाड बोकेर म दुङ्गा जस्ती भएर किरणलाई भर्खरै भेटेर आफ्नो कठोर निर्णय सुनाएर आएकी छु। हठात मन् लिएर किरण म निस्केको ढोकातिर हेरेर अपमान बोध गर्दै थियो सायद जीवनमा पहिलोपटक सजाय भोग्दै थियो।

बेनी–जोमसोम सडक स्तरोन्नतिको पर्खाइमा

कमल खत्री
म्याग्दी ४ कार्तिक ।

आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्र मुस्ताङ जाने बेनी-जोमसोम सडक स्तरोन्नतिको पर्खाइमा रहेको छ । दसैं र तिहारका अवसरमा मुस्ताङको भ्रमणमा जानेको सङ्ख्या बढेसँगै यस सडकखण्डमा सवारीसाधनको चाप बढिरहेको छ । प्राकृतिक सौन्दर्यले भरिपूर्ण मुस्ताङको भ्रमणमा जानेको सङ्ख्या बढे पनि मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने ७६ किलोमिटर लामो बेनी-जोमसोम सडकको स्तरोन्नति नहुँदा यात्रु जोखिमपूर्ण र कष्टकर यात्रा गर्न बाध्य छन् ।

मुक्तिनाथ दर्शनसँगै यस क्षेत्रको प्राकृतिक सौन्दर्यको अवलोकन गर्न पाउँदा खुसी र रमाइलो अनुभूति गर्न यात्रुले यात्राका क्रममा पाउने सास्तीबाट भने खिन्न भएर फर्कने गरेका छन् । विशेष गरी वर्षायाममा ठाउँ ठाउँमा खस्ने पहिरो र हिउँद याममा धुलो र खाल्टाखुल्टीले हैरानी बनाउने गरेको म्यादी जिप तथा बस सञ्चालक समितिका उपाध्यक्ष मोहन केसीले बताए । उनका अनुसार, ठाउँ ठाउँमा खस्ने पहिरो र नदी कटानले सडकमा पुऱ्याउने क्षतिले बेनी-जोमसोम सडकको अवस्था जीर्ण बनाएको छ । यस सडकमा बस, जिप, टप्पाक्सी तथा मालबाहक ट्रकसमेत सञ्चालन हुँदै आएका छन् । जीर्ण सडकका कारण सवारी दुर्घटनाको जोखिम बढ्नुका साथै यात्रुलाई गन्तव्यमा पुऱ्याउन नसक्दा कहिलेकाहीँ यात्रु बीचैमा अलपत्र पर्ने गरेको यातायात व्यवसायी बताउँछन् । सिधा सवारी सञ्चालन नहुँदा सामान ढुवानी गर्न समेत अप्ठ्यारो भएको छ । सडकखण्ड अन्तर्गत बेनीदेखि मुस्ताङको घाँसास्मम्मको सडक सबैभन्दा जोखिमयुक्त मानिन्छ । वर्षायाममा खहरे खोलामा आउने भेलबाढीले गर्दा कतिपय ठाउँमा सवारीसाधन बारपार गर्न समेत सक्दैनन् । अहिले बैंसरी नजिकैको खहरेखोला, बेसखोला र दानाको घट्टखोलामा सवारीसाधन बारपार हुने पुलको अभाव छ ।

जीर्ण सडकका कारण यात्रुलाई सुरक्षित तवरले गन्तव्यमा पुऱ्याउन कठिनाइ हुने र सवारीसाधन सहजरुपमा आवत-जावत गराउन समस्या हुने गरेको सवारी चालक नरेश लामाले बताए । सडक डिभिजन कार्यालयले खाल्डाखुल्टी र सडक भत्किएका ठाउँमा समेत मर्मत कार्य सुरु गर्ने तयारी गरेको कार्यालयका इन्जिनियर नारायण पौडेलले बताए । उनका अनुसार यस सडकखण्ड लाई कालोपत्रेसँगै नाली, धुम्ती तथा मोड सुधार, रोड मिलाउने, कल्भर्ट बनाउने र एकतर्फी मात्रै गाडी चल्न सक्ने बेलीब्रिजलाई विस्थापित गरेर पक्की पुल बनाउन सर्वेक्षण भइसकेको छ र त्यसका लागि मन्त्रालयमा बजेटको माग गरिएको छ ।

नेपाली सेनाले विसं २०५६ देखि सुरु गरी २०६४ मा ट्रयाक खोलेको ७६ किलोमिटर दूरीको बेनी-जोमसोम सडक जीर्ण बन्दा पटकपटक सवारी आवागमन अवरुद्ध हुनुका साथै ठाउँ ठाउँमा सवारी परिवर्तन गर्नुपर्ने झन्झट हटेको छैन । पहिरो खस्ने, नदीमा पानीको सतह बढ्ने एवम् बाढी आउँदा हुने साँघुरा सडकमा सवारी व्यवस्थापन र सडक मर्मतमा ध्यान नपुग्दा यात्रा जोखिमपूर्ण बन्दै आएको छ ।

६० करोड रुपैयाँ लगानीमा निर्माण भएको सडक सेनाले २०६७ फागुन २३ गते सडक विभागलाई हस्तान्तरण गरेको थियो । सडक हस्तान्तरण पछि सडकको मर्मत सम्भारमा विभागले गर्दै आएको लगानीको सही उपयोग हुन सकिरहेको छैन । ठेक्का प्रक्रिया लामो हुनु र विनियोजित बजेटबाट गुणस्तरीय काम नहुनु प्रमुख चुनौतीको रुपमा देखिएको छ । नेपालको उत्तर-दक्षिण जोड्ने सबैभन्दा छोटो दूरीको कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम सडकको स्तरवृद्धि गर्ने तयारी गरे पनि त्यसलाई कार्यान्वयनमा ल्याउन सकिरहेको छैन। सरकारले मुस्ताङको छोरेपाटिस्थित तिब्बती सिमानामा पर्ने कोरला नाका सञ्चालनको तयारी गरेसँगै बेनी-जोमसोम-लोमान्थाङ सडक सरकारको प्राथमिकतामा भने परेको छ । बेनी-जोमसोम खण्डअन्तर्गत बेनी-गलेश्वरमा सडक कालोपत्र गर्ने योजना अन्तर्गत अहिले सडक स्तरोन्नतिको काम भइरहेको छ । गलेश्वरदेखि जोमसोमसम्म खण्डमा सर्भेक्षणको काम सकेर ठेक्का प्रक्रिया सुरु हुन लागेको सडक डिभिजन कार्यालय बागलुङका इन्जिनियर पौडेलले बताए ।

"बेनी-जोमसोम कालोपत्रेका लागि अर्थमन्त्रालयमा साढे तीन अर्ब बजेट माग गरिएको छ, अर्थले स्वीकृत दिनासाथ ठेक्का प्रक्रिया सुरु हुन्छ," इन्जिनियर पौडेलले भने । पौडेलका अनुसार, जोमसोम-कोरला सडकमा भने साढे तीन अर्ब बजेटमा ठेक्का लगाउने काम सम्पन्न भएको छ ।

बेनी-जोमसोम सडकलाई कालोपत्र र जोमसोम-कोरलासम्मको सडकलाई ग्रामेल गर्ने तयारीअन्तर्गत काम अगाडि बढाइएको सडक डिभिजन कार्यालयले जनाएको छ । नवलपरासीको गैंडाकोटदेखि मुस्ताङको कोरला नाकासँग जोडिने निर्माणाधीन कालीगण्डकी करिडोरअन्तर्गत पर्ने बेनी-जोमसोम सडकमा नियमित र सहजरुपमा सवारी सञ्चालन गर्न सरकारले स्तरवृद्धि योजनालाई तत्काल प्रभावकारी कार्यान्वयन गराउनेतर्फ विशेष ध्यान दिन जरुरी छ । रासस

शुभकामना आदान-प्रदान तथा चेक हस्तान्तरण

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ कार्तिक ।

टोल सुधार समिति रामबजार १०/१५ अन्तरगत रहेको रामबजारको पहिलो मन्दिर राममन्दिरलाई रामबजार सोसाइटी युकेका सल्लाहकार महेश गुरुङ र युकेका सदस्य रिता गुरुङलाई संयुक्त स्वागत तथा सम्मान गर्दै चेक हस्तान्तरण कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा प्रमुख अतिथि रामबजार सोसाइटी युकेका सल्लाहकार समाजसेवी, विकासमैत्री महेश गुरुङले राममन्दिरको घण्टी बजाई कार्यक्रमको उद्घाटन गर्दै राममन्दिर माछापुच्छे महिला समूहले २०७३ सालमा आयोजना गरेको तीजगीत प्रतियोगितालाई युकेबाट उठेको रकम ५५ हजार ५ सय हस्तान्तरण गरे ।

रामबजार सोसाइटी युकेका सदस्य समस्त पोखरा रामबजारको सामाजिक क्रियाकलापमा सधैं सक्रिय भई सहयोग गर्दै उनले बताए ।

रामबजार क्षेत्रमा हुने हरेक कार्यक्रमको एउटा छुट्टै पहिचान हुनुपर्ने र हाल पोखरामा हुने मेला महोत्सवले आफ्नै संस्थाको मात्र हकहितमा अगाडि बढिरहेको चर्चा गर्दै युनाइटेड क्लबले गरेको महोत्सवले पोखराको पहिचानका साथ सामाजिक कार्यमा लागि टोल टोल उज्यालो कार्यक्रम ल्याई युनाइटेडले राम्रो काम गरेको उनले बताए । रामबजारका संघ-संस्थाहरुले समेत त्यसको पहिचान गरी कार्य गर्न सुझाव दिँदै हरदम सहयोग गर्न तयार रहेको बताए ।

कार्यक्रममा रामबजारमा २०७३ सालमा संचालित तीजगीत प्रतियोगितामा महेश गुरुङ ५ हजार, विवि पुन ५ हजार ५ सय, सनमन गुरुङ ५ हजार, प्रेम वि.क. ७ हजार, राम गुरुङ ५ हजार, जुमकाजी गुरुङ ५ हजार, भिमसेन कुमार श्रेष्ठ ५ हजार र चन्द्र गुरुङले ५ हजार सहयोग गरेको कार्यक्रममा राममन्दिर माछापुच्छे महिला समूह, राममन्दिर संचालक समिति, रामबजार युथ क्लब, टोल सुधार समिति रामबजार तायाःमचा नाच समिति, श्रीकृष्ण मन्दिर संचालक समितिका पदाधिकारी सदस्यको उपस्थिति रहेको थियो । कार्यक्रममा रामबजार सोसाइटी युकेका सदस्य रिता गुरुङ, युकेका सल्लाहकार महेश गुरुङलाई खादा, फूलमाला लगाई सम्मान गरिएको थियो ।

कार्यक्रममा टोल सुधार समिति रामबजार १०/१५ का अध्यक्ष सम्सर बहादुर श्रेष्ठ, रामबजार युथ क्लबका अध्यक्ष कुमरा थिङ लामा, रिता गुरुङ लगायतले रामबजारको हरेक कार्यक्रममा रामबजारवासी सहभागी हुनुपर्नेमा जोड दिएका थिए । उक्त अवसरमा राममन्दिर माछापुच्छे महिला समूहको सहयोगमा सोलार बत्तिका लागि सहयोग गर्ने बताइएको कार्यक्रममा युथ क्लबले समेत २०७४ को महोत्सवबाट बचेको रकमको केही अंश सोलारमा लगानी गर्ने र सडक बालबत्तीमलाई समेत सहयोग गर्ने बताएका थिए।

कार्यक्रममा स्वागत मन्तव्य राममन्दिर माछापुच्छे महिला समूहका उपाध्यक्ष जीवन श्रेष्ठले, समूहका अध्यक्ष माया भुजेलको अध्यक्षतामा भएको कार्यक्रमको संचालन श्रीकृष्ण मन्दिर संचालक समितिका अध्यक्ष ज्ञानबहादुर थापाले गरेका थिए ।

विद्युत्भार कटौती न्यूनीकरण हुने व्यवस्था मिलाउन निर्देशन

काठमाडौं ४ कार्तिक ।

सरकारले गत वर्ष तयार भएको विद्युत्भार कटौती न्यूनीकरण कार्ययोजना अनुरुप नै विद्युत्भार कटौती न्यूनीकरण हुने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई समन्वयात्मक रुपमा कार्य गर्न निर्देशन दिने निर्णय गरेको छ ।

सरकारका मुख्यसचिव डा सोमलाल सुवेदीको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज बसेको बैठकले सो निर्णय गरेको हो । बैठकले गत आव दुई सय मेगावाट विद्युत् उत्पादन गर्ने विद्युत्भार कटौती न्यूनीकरण कार्ययोजनाको लक्ष्य रहेकोमा हालसम्म ८५ मेगावाट मात्र उत्पादन भएको पाइएकाले आगामी असार मसान्तभित्र कम्तिमा दुई सय मेगावाट विद्युत् उत्पादन कार्य सम्पन्न गर्नेगरी कार्य गर्न ऊर्जा मन्त्रालयलाई निर्देशन दिएको छ ।

यो वर्ष हिउँदयाममा हुनसक्ने विद्युत्भार कटौतीलाई मध्यनजर गर्दै विद्युत्भार कटौती न्यूनीकरण गर्न विभिन्न वैकल्पिक उपायहरु अवलम्बन गरी विद्युत्भार कटौती न्यून गर्ने व्यवस्था उर्जा मन्त्रालयले मिलाउने निर्णय समेत बैठकले गरेको छ ।

दीर्घकालीनरुपमा जलविद्युत् उत्पदन, पशुधन र वितरण प्रणालीलाई अनुमान योग्य र प्रभावकारी बनाउन नेपाल सरकार, निजी क्षेत्रलगायतबाट उत्पादन हुनसक्ने जलविद्युत्को उत्पादन क्षमता, आवश्यक पर्ने जनशक्ति र अन्य स्रोत साधनको आँकलन गर्न उर्जा मन्त्रालयले यथाशीघ्र विस्तृत अध्ययन विश्लेषण गर्ने निर्णय बैठकले गरेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव एवम् सहायक प्रवक्ता चिरञ्जिवी पौडेलद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

विद्रोह हुन सक्ने पूर्वराजाको चेतावनी

गोल्डेन न्युज संवाददाता
काठमाडौं ४ कार्तिक ।

पूर्वराजा ज्ञानेन्द्र शाहले निर्धक्को राजनीति गरिए उपेक्षितहरुमा विद्रोह जन्मिन सक्ने चेतावनी दिएका छन् । 'हाम्रो दर्शनले हामीलाई सधैं अगाडि बढ्न निर्देशित गर्छ तर व्यवहारमा निर्धक्को राजनीति अघि बढाइच्छ भने त्यसले राष्ट्रमा असन्तुलन निम्त्याउँछ', बिहिवार राजधानीको बनकालीमा आयोजित अन्तर्राष्ट्रिय विराट हिन्दू महासम्मेलनलाई सम्बोधन गर्दै पूर्वराजाले भने, 'असन्तुलनले उपेक्षा जन्माउँछ र उपेक्षितहरुमा विद्रोह जन्मिन सक्छ ।' गणतन्त्र आएसँगै पहिलो पटक सार्वजनिक कार्यक्रममार्फत सम्बोधन गर्दै ज्ञानेन्द्रले राजनीतिक दलहरुलाई आफूहरुलाई उपेक्षा नगर्न खुलेआम चुनौति दिए ।

उनले आजको स्थिति र हिन्दु दर्शनबीच आफूलाई राख्नेर हेर्न सकिएको खण्डमा यर्थाथलाई स्वीकार्न र परिस्थितिलाई सुधार्न सहज हुने समेत सम्बोधनका क्रममा बताए । 'बहुजन हिताय, बहुजन सुखायको मुल मन्त्रलाई आत्मसाथ गर्दै अगाडि बढ्नुको विकाल्प नभएको भन्दै ज्ञानेन्द्रले सनातनी ओमकार परिवारहरु यही साध्य प्राप्तिका लागि कर्मठ प्रयासमा जुटुनु पर्नेमा जोड दिए ।

हिन्दुधर्मको दर्शन र महत्वको बारेमा सम्बोधनको अधिकांश समय खर्चिएका उनले हिन्दु धर्म एवम् दर्शन विश्वकै महान र उदार रहेको बताए ।

'आध्यात्मिक जीवन पद्धति विश्वकै निम्ति अनुकरणीय छ। सनातन मान्यता, मौलिक विशेषता र आफ्नै प्रकारको उदार आस्था हिन्दु धर्मको सार हो', ज्ञानेन्द्रले भने ।

आत्मउन्नती, परमार्थर परमपुण्य मात्र नभई धर्मले राष्ट्र, समाज एवम् सामाजिक सदभावको आवश्यकतालाई पनि उजागर गर्ने भन्दै उनले राष्ट्रको आस्था, अखण्डता, एकता र सहिष्णुतालाई अभिवृद्धि गर्न र आन्तरिक एवम् अन्तर्राष्ट्रियकरण गर्न सम्मेलनले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

देशलाई नयाँ दर्शनको नयाँ बाटो नचाहिएको भन्दै उनले नयाँ सोच भने चाहिएको बताए ।

'पुरानै बाटोमा हामी अघि बढौं । नयाँ दार्यित्व होइन तर त्यस्तो शक्ति होस् जसले भइरहेकोलाई सजिलै फैलाउन सकियोस्', उनले भने, 'भविष्य भनेको एउटा सेतु होस् जसमा आस्था र विकासको जरा मानविय अनुभव र आत्मियताले भरिभराउहोस् ।'

कहिल्यै पराजित नभएको नेपालमा पछिल्लो समय भने धर्म र आस्थामा क्षयीकरण हुने क्रममा रहेको उनले औंल्याए ।

उनले भने, 'राष्ट्रको समग्र परिस्थिति र विवेका केहि वर्षको राजनीतिक गतिविधि समेतलाई दृष्टिगत गर्दा चरम बाह्य हस्तक्षेप, जनतामा देखिएको निराशा, गन्तव्यहीन यात्रा हाम्रा लागि अभिशास सिद्ध भएका छन् ।'

उनले यस्तो अवस्थाको सिर्जना हुनुमा को जिम्मेवार रहेको भन्दै प्रश्न समेत गरे ।

संस्कृति तथा राष्ट्रियता प्रतिको संवेदनशीलतालाई बुझेर सबै मिले अघि बढेको खण्डमा भने दिगो शान्ति, स्थिरता र स्वाभिमानको रक्षा गर्न सकिने सो अवसरमा उनले बताए ।

महासम्मेलनमा विभिन्न देशका स्वामी, सन्त महन्तलगायतको उपस्थिति रहेको थियो भने उनीहरुले नेपाललाई हिन्दुराष्ट्र बनाइनु पर्नेमा जोड दिए ।

सहारा क्लबलाई आर्थिक सहयोग

गोल्डेन न्युज संवाददाता
पोखरा ४ कार्तिक ।

पोखराको सहारा क्लबद्वारा संचालित एकेडेमीको अक्षयकोषमा विशेषबाट आर्थिक रकम आउने क्रम जारी रहेको छ । पछिल्लो क्रममा सहारा यु.के.का सदस्य महेन्द्र गुरुङ तथा उनको परिवारजनबाट ५१ हजार १ सय ५१ सहयोग रकम प्राप्त भएको हो । कठिन परिस्थिति र विपन्नवर्गका बालकहरुको भरणपोषकको लागि उक्त अक्षयकोषमा पोखरा-८ नागडुङा घरभई हाल बेलायत रहेका गुरुङ परिवारले एकेडेमी परिसरको अवलोकन गरेपश्चात उक्त रकम क्लबलाई हस्तान्तरण गरेका हुन् । सो अवसरमा एकेडेमीमा आश्रित बालकहरुलाई गुरुङ परिवारजनले फलफूल समेत वितरण गरेको महासचिव केशवराज बरालले बताए । उक्त अवसरमा बेलायत बस्दै आएका नरेश गुरुङ, कृष्ण गुरुङ, बलराम थापामगर, सुर्य थापा, योगेन्द्र गुरुङ समेतको टिमले एकेडेमीको अवलोकन गरे । क्लबद्वारा निर्मित सुविधा सम्पन्न आवास गृह सहारा एकेडेमी दोविल्ला पोखरा-१७ मा हाल १६ जिल्लाका २८ जना बालकहरु रहेको क्लबका अध्यक्ष विरभद्र आचार्यले बताए।

विभिन्न दाताहरुले दिएको सहयोगबाटै क्लबले उनीहरुको निःशुल्क शिक्षा दिक्षा, स्वास्थ्य, फुटबल प्रशिक्षण लगायत भरणपोषण गर्दै आएको छ । आत्म साक्षी राखि मन वचन र कर्मले सामाजिक सेवा गरौं भन्ने नाराका साथ २०५५ सालमा स्थापना भएको क्लबको शाखा हाल बेलायत, हङकङ हुँदै अष्ट्रेलियासम्म पुगेको छ ।

पोखरामा पहिलो पटक

यौनवर्द्धक : लिङ्को साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, मुताइ कसिलो बनाउन, पेटको घिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउने।
ढाड तथा जोनी दुखाई ठिक पार्ने, सस्तो सुधा पेवलिल।

सबै रोग दोष, नया पुरानोदेखि, विश्वासनिय रुपमा सम्पर्क गर्नाले तपाईलाई रोगबाट मुक्ति दिलाई गरेका

Like us on Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्री होम डेलिभरी

सेक्युरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर

Abudhabi को Spark Middle East Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, सकार लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान बाहुनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अंग्रेजी भाषा र अन्तरजातीका तारी कजाहरु सम्मान भद्रगेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरी आफुलाई चाहिने सबैखालको सुरक्षित पर्नु होला ।

तयारी कक्षा घनाधाम

सम्पर्क
आर्मोर ग्रुप सेक्युरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
पृथ्वीचोकबाट १०० मि. तल पथरपोटी जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडी, पोखरा विजनेस कम्प्लेक्सको भवन - तल्लो तला)
मोटर नं. ३४
फोन नं. : ०६१-५३०७४८, ५३१९९०, ९८४६४२१८५, ९८४६७३४४५, ९८४५५०३९६५, ९८४५९४४३३१

विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुबई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहर संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- तयारी कक्षा घनाधाम बलिरहेको छ ।
शतप्रतिशत उत्तीर्ण गराउन सफल आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराईने ।
१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

सम्पर्क फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट २०० मिटर तल (म्याड्जा जाने बाटो)
होटल दिपमाला सँगै
फोन:०६१-५४०५२, मो. ९८४६०४१४२

खुशीको खबर !

के तपाईलाई लागीभागी भई छेवेभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गड्डो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, बाथ, शुक्री, बाँझोपन हटाउने, प्याष्टिक, रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र छुटो परेको १ वर्षपछिसम्म आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिस्वाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५४५४

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनलका लागि सम्झनै पर्ने पसल

योर्स ट्रेड कन्सर्न

एशियन पेन्टस्, रोयल ईम्पायराका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ् गरिन्छ ।

फोन : ०६१-४३०१६४, मो. ९८४५६०३९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, भ्रुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

थोन समस्या: सिंग्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै थौन समस्याको सफल उपचार ।

महिला सम्बन्धि समस्या
महिनामारी गडबढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, थौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- कालो चार्या पोलो, इण्डिफोर, दाग धब्बा, मखिया, कोठी, झाउरुपिन हटाई पुरै शरिर गोरो बनाउने ।

दुबलो पातलो शरिरको तौल बढाउने चाहे मोटो पन घटाउने ।

थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२५४५८, मो. ९८४६९३७४१८
फ्री होम डेलिभरी

जग्गा बिक्रीमा

पोखरा-५, मालेपाटन, स्टेप वाई स्टेप बोर्डिङ स्कुल नजिक २८ हात मोहडा ३६ हात पिछाड भएको जग्गा बिक्रीमा छ।

सम्पर्क : ९८४६०७७६१९
९८४६७५६६६६

जग्गा बिक्रीमा

पोखराको विरौटा नजिक होटल साग्रिलाको पछाडि १८ हाल मोहडा र ४० हात पिछाड भएको जग्गा बिक्रीमा छ ।

सम्पर्क : ९८४६१९४०३६
९८५६०३४८०१

आवश्यकता

पृथ्वीचोक स्थित एक ट्राभल्स एजेन्सीका लागि महिला कर्मचारी आवश्यक परेको हुँदा इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क : ९८४६१३६१३७

सार्वजनिक सूचना

यस ले.न.पा वडा नं. १२, बस्ने विष्णुबहादुर क्षेत्रीकी श्रीमती प्रगति कुँवर क्षेत्रका नाउमा रहेको सावित शिशुवा ९ को कित्ता नं. ३०५० क्षेत्रफल ०-७-३-३ को जग्गामा घर नक्सा पास गर्नुपर्ने भएको तर पूर्व र उत्तर तर्फका सधियारालाई फेला नपरेकोले बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

कि.नं.	पूर्व	पश्चिम	उत्तर	दक्षिण
३०५०	४१८	बाटो	१८८०	२८८६

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

सार्वजनिक सूचना

यस ले.न.पा वडा नं. १, बस्ने गोपाल गुरुङको छोरा पदम गुरुङको नाममा रहेको सावित शिशुवा २ को कित्ता नं. ७३४४ समेत क्षेत्रफल ०-४-२-२ को जग्गामा घर नक्सा पास गर्नुपर्ने भएको तर पश्चिम र उत्तर तर्फकम सधियारालाई फेला नपरेकोले बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

कि.नं.	पूर्व	पश्चिम	उत्तर	दक्षिण
७३४४ समेत	मञ्जु कुमाल	७८८२	१०४	बाटो

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

सार्वजनिक सूचना

यस ले.न.पा वडा नं ९, बस्ने दलबहादुर क्षेत्री श्रीमती पविता क्षेत्रीको नाममा रहेको सावित शिशुवा २ को कित्ता नं. १०७३६ क्षेत्रफल ०-४-१-३ को जग्गामा घर नक्सा पास गर्नुपर्ने भएको तर कुनैपनि सधियारालाई फेला नपरेकोले बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

कि.नं.	पूर्व	पश्चिम	उत्तर	दक्षिण
१०७३६	१०७३७	कुलो	१०७३८	बाटो

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

एमालेसंग जिस्किनु नै लोकमानको दुर्भाग्य

काठमाडौं ४ कार्तिक ।

जतिबेला ७७० साल वैशाख २५ गते लोकमानसिंह कार्की एमाले सहितको सर्वदलीय सहमतिबाट ६ वर्षका लागि अख्तियारको प्रमुख आयुक्त बने, त्यसबेला एमाले महासचिव ईश्वर पोखरेल लोकमान नियुक्तिको विरोध गर्दै शीतलनिवासमा डेलिगेसन सहित पुगेका थिए । आफ्नो तीन वर्षे कार्यकालमा लोकमानसिंहले बहालवाला एमाले मन्त्री राधा ज्ञवालीलाई पदबाट हटाउन तत्कालीन प्रधानमन्त्री सुशील कोइरालालाई पत्र लेखे । ज्ञवालीले अपमानित भएर राजीनामा दिनुपऱ्यो । लोकमानसिंहले सार्वजनिक पदमै नरहेका एमालेका पूर्वमन्त्री मोदनाथ प्रश्रितका छोरा डा. विजय पौडेलlाई अख्तियारमा हाजिर हुन पत्र लेखे । यसको एउटै कारण थियो एमाले नेता पौडेलमाथिको प्रतिशोध । नेकपा एमालेलाई पटक-पटक जिस्क्याउँदै आएका लोकमानले माओवादी र एमालेका नेताहरुलाई ठोक्दै जाने र कांग्रेस-राप्रपाका नेताहरुलाई संरक्षण गर्ने गरेको आरोप वामपन्थी नेताले लगाउँदै आएका छन् ।

राप्रपा नेपालका सांसद गणेश थापा, राप्रपानिकट आयल निगमका हाकिम गोपाल खड्कालगायतका भ्रष्टाचार मुद्दामा लोकमानले केही पनि गरेनन् । कांग्रेसभित्रको त्रिपाल काण्ड, जस्तापाता काण्ड आदिमा कुनै मन्त्रीलाई राधा ज्ञवालीलाई जसरी पत्र काट्ने काम गरिएन भन्ने गुनासो वाम नेताहरुको छ । त्रिपाल काण्डमा सानो तहको कर्मचारीलाई दोषी देखाएर ठूलालाई जोगाउने काम गरिएको एमालेको आरोप छ । यही सिलसिलामा प्रधानमन्त्री प्रचण्ड अघिल्लो महिना भारत भ्रमणबाट फर्कदा नफर्कदै लोकमानले लडाकुको भ्रष्टाचार छानविन गर्ने भन्दै कृष्णबहादुर महरादेखि प्रचण्डसम्मलाई एक्शन लिए । सर्वोच्च अदालतले कार्कीको नियुक्तिको फाइल मागेपछि काकीले लडाकू शिविरमा भएको भनिएको फाइल खोल्ने उद्घोष गरेका थिए ।

तर, प्रचण्डले आए सोझासाझ उनले 'हैन हैन', भन्दै प्रचण्डसँग लोलोपोतो गर्ने काम गरेको माओवादी नेताहरु बताउँछन् । सर्वोच्च अदालतले आफ्नाथि गरेको एक्शनको रनाहामा परेका लोकमान प्रचण्ड भारतबाट नर्फकँदै माओवादीतिर जाइलाग्न खोजेका थिए, जुन उनका लागि प्रत्युत्पादक भयो । जब एमाले नेताले पूर्वसूचना पाए' अदालतलाई छल्न विदेश गएका अख्तियार प्रमुख लोकमानसिंहले कार्की त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पाइला टेक्दा नटेक्दै संसदमा उनीविरुद्ध महाअभियोग दर्ता भयो । जुन धैरैका लागि एक प्रकारले सरप्राइज थियो । तर, लोकमानसिंहविरुद्ध महाअभियोग दर्ता भयो । जुन धैरैका लागि एक प्रकारले सरप्राइज थियो । नहोस् पनि किन ? लोकमानलाई महाअभियोग लगाउन माग गर्दै डा. गोविन्द केसी १४ दिन अनसन बस्दा समेत सुनुवाइ भएको थिएन । बुधवार एकाएक महाअभियोगको प्रस्ताव दर्ता भयो, त्यो पनि पछिल्लो समय दुई धुवमा रहेका सरकारको नेतृत्वकर्ता माओवादी र प्रमुख विपक्षी दल एमाले मिलेर । यो कसरी सम्भव भयो ? यसका पछाडि केही रोचक कारणहरु रहेछन् ।

यो प्रश्नमा एक नेता भन्छन्, लोकमानले विदेशबाट फर्कनासाथ एमाले र माओवादीका प्रमुख नेताहरुलाई भ्रष्टाचारको अभियोगमा डाम्न खोजेका थिए, उनी आफै डामिएका छन् ।' स्रोतले दिएको जानकारी अनुसार सर्वोच्च अदालतले आफ्नुमाथि केडा एक्शन लिएपछि विदा मिलाएर सरकारी खर्चमा क्यानडातिर लागेका लोकमानले केही समय दुवईमा बसेर एमाले नेताहरुलाई अख्तियारको निशाना बनाउने योजना बनाए, जुन उनका लागि ऐतिहासिक भवितव्य बन्न पुग्यो । र, त्यही कारणले विमानस्थलमा ओर्लदा नओर्लदै एमाले र माओवादीको संयुक्त आवेदनमा बुधबार साँझ संसदमा उनी विरुद्ध अविश्वासको प्रस्ताव दर्ता भयो । एमाले र माओवादी उच्च स्रोतको दावी छ, लोकमान एमाले र माओवादीका दुवै दलका प्रमुख नेताहरुलाई मुद्दा हाल्ने योजनासहित नेपाल आएका हुन् । महाअभियोग दर्ता नगरेको भए आज विहानै उनले पत्र काटिसक्ने, माओवादी नेताको दावी छ । उनले बताए अनुसार लोकमानले तत्कालीन सेना समायोजन विशेष समितिमा रहेका एमाले र माओवादीका प्रमुख नेताहरुलाई नै पत्र काट्ने योजना बनाएका थिए ।

यसमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालदेखि डा. बाबुराम भट्टराई र प्रधानमन्त्री प्रचण्डसम्मको नाम रहेको उनको तर्क छ । साथै एमाले अध्यक्ष केपी शर्मा ओली, सुवास नेम्वाङ र अग्नि खरेल लगायतको नाम पनि लोकमानको सूचीमा रहेको उनले दावी गरे । 'काकी प्रतिशोधपूर्ण तवरले आएपछि अकस्मात महाअभियोग नै दर्ता गर्नुपर्ने अवस्था आएको हो' माओवादीको उच्च स्रोतले भन्यो, अकस्मात नयाँ कदम चाल्नुपर्ने हुँदा पाटी भित्र र सत्तारुढ दलसँग समेत छलफल गर्न नभ्याइएको हो ।'

सर्वोच्चले मुद्दा पुनरावलोकन गर्ने फैसला गरेपछि लोकमान त्यसलाई छल्न विदेश गएका थिए । नेताहरुका अनुसार उनले आफ्नो मुद्दा मिलाइ दिन प्रमुख दलहरुका नेताहरुलाई दबाव दिए र त्यसले काम नगरेपछि नेताहरुलाई पत्र काट्ने धम्की योजनासहित नेपाल आएका थिए । तर, एयरपोर्टबाट टंगाल पुग्नुदा नपुग्दै राति नै निलम्बनको पत्र आइपुग्यो ।

एमालेको प्रस्तावमा माओवादीको साथ

स्रोतहरुका अनुसार लोकमानविरुद्ध दर्ता भएको महाअभियोगको प्रस्ताव एमाले अध्यक्ष शर्मा ओलीले अघि सारेका थिए । बुधबार संसदमा सम्बोधन गर्नुपूर्व ओलीले प्रधानमन्त्री प्रचण्डलाई भेटेर उनको योजना सुनाए र महाअभियोग दर्ताको प्रस्ताव राखे । प्रचण्ड यसमा सहमत भए । संसदलाई सम्बोधन गरेपछि प्रचण्डले प्रमुख सत्तारुढ घटक कांग्रेसका सभापति शेरबहादुर देउवालाई भेटेर सहयोगको प्रस्ताव राखे । तर, उनले यसबारे पाटीमा छलफल गर्छु भन्ने जवाफ दिएको माओवादीका नेता बताउँछन् ।

देउवा सकारात्मक भए पनि हस्ताक्षर गर्ने सम्भावना नदेखिए पछि एमालेले माओवादीलाई साथमा लियो । र, आफ्ना सांसदहरुको हस्ताक्षर संकलन गरेपछि हस्ताक्षरका सांसदहरुलाई समेत कुन प्रयोजनका लागि हस्ताक्षर संकलन गरिएको जानकारी दिइएको थिएन । सत्तारुढ माओवादीले भने संस्थागत निर्णय नै नगरी आफ्ना सांसदहरुको हस्ताक्षर जुटाएको थियो । यसमा सक्रिय एक नेताले भने, एमालेले मात्रै एक चौथाई नपुगेपछि हामीले पुर्‍याइदिएको हो ।'

माओवादीको विहीवार बसेको हेडक्वाटर बैठकमा पनि यसबारे छलफल भएको छ । र, केही नेताले यसलाई कांग्रेसले जस्तै सत्ता गठबन्धन टुटाउने एमालेको षड्यन्त्र त होइन भन्ने आशंकाले पनि हेरेका छन् । तर, एमाले नेताहरुसँग भएको छलफलमा संलग्न एक नेता भने यो सहकार्य सत्तासँग नजोडिएको दावी गरेका छन् ।

एमालेको प्रश्नः कांग्रेस र गोविन्द केसी कहाँ छन् ?

लोकमानलाई अख्तियार प्रमुखबाट हटाउनुपर्ने मुद्दा आफूहरुले भन्दा पहिले नेपाली कांग्रेस र डा. गोविन्द केसीले अघि सारेको एमालेका एक उच्च तहका नेताले बताए । उनले भने-'हिजो अस्तिसम्म एमाले कहाँ छ भनेर सामाजिक सञ्जालमा एमालेलाई कुटने काम भइरहेको थियो, अहिले एमाले अघि सरेको छ, तर गोविन्द केसी र कांग्रेस कहाँ छन् ? उनीहरु पनि अगाडि आउनुपर्‍यो ।'

लोकमानले जे गरिरहेको छन्, त्यो लोकतन्त्र र कानूनी शासनको वर्खीलापमा भएकाले सबैले मिलेर कानूनी सर्वोच्चता र विधिको शासन जोगाउनुपर्ने त्यो एमाले नेताले बताए । उनले भने-'लोकमानलाई महाअभियोग लगाउनुपर्छ भन्ने आवाज सबैभन्दा पहिले कांग्रेसका गगन थापा र धनराज गुरुङहरुले उठाएको हो, त्यसैले यो सबै दलको एजेण्डा हो । अब यसमा गोविन्द केसीले पनि कांग्रेस नेताहरुलाई दबाव दिन जरुरी छ ।'

समाचार स्रोत : अनलाइन खबर

अख्तियारको आयुक्तमा बस्न्यात

गोल्डेन न्यूज संवाददाता
काठमाडौं ४ कार्तिक ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आयुक्त दीप बस्न्यात आयोगको कार्यवाहक प्रमुख आयुक्त बनेका छन् । प्रमुख आयुक्त लोकमानसिंह कार्कीविरुद्ध व्यवस्थापिका संसदमा महाभियोगका प्रस्ताव दर्ता भएकाले बस्न्यात कार्यवाहक बनेका छन् । आयोगका सहप्रवक्ता खगेन्द्रप्रसाद रिजालले आयोगको नियमावलीमा प्रमुख आयुक्तको अनुपस्थितिमा उपस्थित आयुक्तमध्ये वरिष्ठ आयुक्तले कार्यवाहक प्रमुख हुने व्यवस्था बमोजिम सो निर्णय भएको बताए । आयोगमा हाल पाँच आयुक्त छन् । नेकपा एमाले र नेकपा माओवादी केन्द्रका १५७ सांसदले बुधबार महाभियोगको प्रस्ताव दर्ता गरेका थिए । सो प्रस्ताव आजको संसद बैठकमा पेस योजना थियो ।

नेपालको संविधानको धारा १०१ को उपधारा ६ मा "संवैधानिक निकायका प्रमुख वा पदाधिकारीले महाभियोग कार्वाही प्रारम्भ भएपछि दुइगो नलागेसम्म आफ्नो पदको कार्य सम्पादन गर्न पाउने छैन " भन्ने व्यवस्था छ । महाभियोगको प्रस्तावलाई संसदमा तत्काल लगाम रहेका सदस्य सङ्ख्याको दुई तिहाइले पारित गर्नुपर्ने हुन्छ ।

यसैबीच, नेकपा (मसाल)को खुल्ला सङ्गठन राष्ट्रिय जनमोर्चाले महाभियोग प्रस्तावको पक्षमा मतदान गर्ने भएको छ । मसालका महामन्त्री मोहनविक्रम सिंहले विज्ञप्ति प्रकाशन गरी आफ्ले कार्कीको नियुक्तिमै असहमति जनाएको उल्लेख गरेका छन् ।

संसद र मन्त्रीपरिषद् बैठक स्थगित

गोल्डेन न्यूज संवाददाता
काठमाडौं ४ कार्तिक ।

महाअभियोग प्रस्ताव बारे छलफल गर्ने भनिएको विहीवारको व्यवस्थापिका संसदको बैठक ३ दिनका लागि स्थगित भएको छ । हिजो दर्ता गरिएको महाअभियोग प्रस्तावबारे दलहरुबीच छलफल र तयारी नपुगेको भन्दै विहीवारको बैठक आगामी कार्तिक ७ गतेसम्मलाई स्थगित भएको हो ।

'महाअभियोग दर्ता गराएको नेकपा माओवादी केन्द्र र नेकपा एमालेका नेताहरुले प्रस्तावमाथि छलफल गर्न तयारी नपुगेको र यसका लागि नेपाली कांग्रेस र साना दलहरुसँग पनि छलफल गर्नुपर्ने भन्दै सभामुख ओनसरी घर्तीलाई पत्र बुझाउनुभयो । त्यसैको आधारमा आजको बैठक स्थगित भएको हो,' सभामुख घर्तीका प्रेस सल्लाहकार बबिन शर्माले रातोपाटीलाई जानकारी दिए ।

सत्तारुढ दल नेपाली कांग्रेसले आफूहरुसँग सल्लाह नगरी प्रस्ताव दर्ता भएको बताइरहेको छ । यसबारे छलफल गर्न पार्टीले विहीवारकेन्द्रीय समितिको बैठक डाकेको छ । विहीवार १ बजेदेखि बस्ने भनिएको बैठक अब आइतबार विहान ११ बजे बस्नेछ ।

नेपालको संविधानको धारा १०१ को उपधारा २ एवम् व्यवस्थापिका संसद् नियमावली २०७३ को नियम १६८ को उपनियम (१) बमोजिम महेन्द्रबहादुर शाही सहित १५७ सांसदहरुले दर्ता गरेको महाअभियोग प्रस्ताव दर्ता भएको थियो ।

बैठकमा अख्तियारका प्रमुख लोकमानसिंह कार्की विरुद्ध दर्ता भएको महाअभियोगको प्रस्ताव पेश गर्ने र सभामुखले छलफलको मिति तय गर्ने कार्यसूची थियो ।

महाअभियोग प्रस्ताव दर्ता भएपछि सभामुखले जेनेभा जाने कार्यक्रम समेत रद्द गरेको शर्माले जानकारी दिए अन्तर व्यवस्थापिका संसद सम्बन्धी बैठकका लागि सभामुख घर्ती शुक्रबार जेनेभा भ्रमणमा जाने कार्यक्रम थियो ।

यता, विहीबार मन्त्रिपरिषदको बैठक २ पटक स्थगित भएको छ । विहान ११ बजेलाई डाकिएको बैठक ४ बजेका लागि सारिएकोमा ४ बजेपनि बस्न सकेन ।

नेकपा माओवादी केन्द्रको विहान बसेको आन्तरिक बैठकका कारण विहान ११ बजेको लागि बोलाइएको बैठक ४ बजेका लागि सारिएको हो । बैठक सारिएको २ घन्टापछि पुनः विहीवारका लागि बैठक स्थगित भएको जनाइएको थियो ।

अब मन्त्रिपरिषद बैठक भोलि बस्ने तय भएको प्रधानमन्त्रीका स्वकीय सचिव रमेश मल्लले जानकारी दिए । दिउँसो सरकारमा सहभागी दलहरुको आन्तरिक बैठक बस्नुपरेका कारण मन्त्रीपरिषद् बैठक बस्न नसकेको जनाइएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीलाई महाभियोग लगाएर हटाउनेबारे छलफल गर्न राजनीतिक दलले बैठक डाकेका थियो ।

भेट्रान्स बास्केटवल प्रतियोगिता शुरु

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ कार्तिक ।

कास्की जिल्ला बास्केटवल संघले नेपालमा नै पहिलो पटक आयोजना गरेको ४० वर्ष भन्दा माथिको पोखरा भेट्रान्स खुल्ला पुरुष बास्केटवल प्रतियोगिता विहिबार बाट पोखरा रंगशालामा सुरु भएको छ । प्रतियोगिताको उद्घाटन खेलमा कास्की जिल्ला बास्केटवल संघले विजयी सुरुवात गरेको छ । कास्कीले स्याङ्जा बास्केटवल संघलाई ३८-३६ को स्कोरले पराजित गरेको छ । त्यसै गरि अन्य खेलमा काठमाडौंले पर्वतलाई छ ५४-२७, पुन समाजले पश्चिमाञ्चल भुपु सैनिक संघलाई ६९-३८ र कित्तिपुरले तनहुँलाई ४०-२१ ले पराजित गरेका छन ।

यस अघि प्रतियोगिताको उद्घाटन गर्दै नेपाल आलिम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले आगामी दिनमा आयोजना हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगितातर्फ मोफसलमा समेत हुन् पर्नेमा जोड दिए । अध्यक्ष श्रेष्ठले देशलाई एक शुत्रमा बाँध्ने खेलकुद नै भएको भन्दै यसको सान्दर्भिकता नेपालमा अझै महत्वपूर्ण रहने बताए ।

उनले नेपाल आयोजना हुने १३औं दक्षिण एशियाली खेलकुद सफल बनाउन भौतिक पुर्वाधार विकास यथा शीघ्र सुरु गर्नु पर्ने भन्दै पर्यांप्त पूर्वाधार विकासले नै खेलाडीले आफ्नो विकास गर्न सक्ने सँगै पदकको सम्भावना समेत रहने बताए । उनले अबको खेलकुद विकासलाई मुलुकको पर्यटन विकाससमा समेत जोडनुपर्नेमा जोड दिदै खेलकुदले दिने सन्देशले महत्व राख्ने बताए । उनले भेट्रान बीचको प्रतियोगिताले नयाँ पुस्ताले सिक्ने अवसर प्राप्त गर्न र भाइचाराको सम्बन्ध स्थापित र खेलको विकास गर्न सहयोग पुग्ने स्पष्ट पारे ।

कास्की जिल्ला बास्केटवल संघका अध्यक्ष नेत्रबहादुर सेनको अध्यक्षतामा भएको कार्यक्रममा पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितीका अध्यक्ष खगराज पौडेल, प्रतियोगिताका मुख्य संयोजक नारायण शर्मा, संघका सचिव ध्रुज कुमार गुरुङ लगायतले पोखराको खेलकुद विकास र प्रतियोगिताको आयोजनाको सन्दर्भमा बारेमा बोलेका थिए ।

आयोजक कास्की जिल्ला बास्केटवल संघ सहित काठमाडौं, ललितपुर, तनहुँ, पर्वत जिल्ला बास्केटवल संघ हरुको एक-एक टिम र पश्चिमाञ्चल भुपु सैनिक खेलकुद संघ र पुन समाज कास्कीको प्रतियोगितामा सहभागिता रहनेछ ।

लिग कम नक आउटका आधारमा खेलाइने प्रतियोगिताको विजेता टिमले नगद ४० हजार ४ सय ४४ र उपविजेताले नगद २५ हजार ५ सय २५ प्राप्त गर्ने छन । प्रतियोगितामा अनुशासित टिम, हाइस्कोरर र बेष्ट प्लेयरलाई ट्रफी र प्रमाणपत्र प्रदान गरिनेछ । कार्तिक ६ गते सम्म संचालन हुने उक्त प्रतियोगितामा आठ लाख खर्च लाग्ने भएको छ । प्रतियोगितालाई पाथिभरा ओभरसिज प्रालीले मुख्य प्रायोजन गरेको छ ।

लोकमान प्रकरणले सरकार भङ्गपनि हुन सक्छ-प्रम

काठमाडौं ४ कार्तिक ।

प्रधानमन्त्री पुष्पकमल दाहालले अख्तियार प्रमुख लोकमानसिंह कार्कीविरुद्धको महाअभियोग प्रस्ताव पूर्वसेनापति रुक्मांगद कटवाल काण्डपछिको 'दोश्रो गम्भीर राजनीतिक परिघटना' भएको बताएका छन् कार्कीविरुद्ध महाअभियोग प्रस्ताव अघि बढाउने सम्बन्धमा बिहीवार भएको पार्टीको संसदीय समिति बैठकमा बोल्दै प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष दाहालले उक्त कुरा बताएका हुन् 'हामी अत्यन्तै जटिल मुद्धाको सामना गर्दैछौं,' दाहालले उद्दत गर्दै एक सांसदले भने, 'लोकमानसिंहविरुद्धको महाअभियोग भनेको कटवाल काण्डपछिको सबैभन्दा जटिल र गम्भीर परिघटना हो।' पहिलो संविधानसभामा चुनावमा सबैभन्दा ठूलो दल भएपछि तत्कालीन माओवादी पार्टीका अध्यक्षका हैसियतले प्रधानमन्त्री बनेका दाहालले सेनापति कटवाललाई बर्खास्त गर्ने विवादास्पद निर्णयका कारण उनको सरकार भंग भएको थियो। बैठकमा उपस्थित सांसदका अनुसार लोकमानविरुद्ध महाअभियोग दर्ता गरेका कारण 'चलखेल'मार्फत आफ्नो सरकार भंग पनि हुन सक्ने र लोकमान विरुद्ध महाअभियोग पनि लगाग्ने अवस्था आउन सक्ने भन्दै उनले सांसदहरूलाई सजग गराएका थिए पार्टीका सांसदहरुले भने आफूलाई कुनै जानकारी नदिई र छलफल नै नगरी महाअभियोग दर्ता भएकोमा गुनासो पोखेका थिए 'हामी लोकमानको साथमा थियौं। उनलाई महाअभियोग लगाउनुपर्छ भन्नेमा अधिकांश सांसदको मत हो,' उपस्थित एक सांसदले भने, 'तर, कसैलाई थाहै नदिइकन किन र छलफल नै नगरिकन महाअभियोग प्रस्ताव दर्ता गरियो भन्ने हाम्रो गुनासो थियो।' केही संसदले पार्टीको तर्फबाट हस्ताक्षर बुझाउने जनार्दन शर्मालाई कारवाही स्वरूप मन्त्रीमण्डलबाट फिर्ता बोलाउनु पर्ने पनि माग गरेका थिए। त्यसपछि अध्यक्ष दाहालले महाअभियोग सम्बन्धि आधिकारिक निर्णय लिन शुक्रबार केन्द्रीय समितिको बैठक बोलाउने बताएका थिए। 'हाम्रो गुनासो भनेको पार्टीमा छलफल भएर प्रस्तावमा सबैको अपनत्व हुनुपर्थ्यो भन्ने हो। जे भए पनि भोलि उक्त प्रस्तावबारे पार्टीमा छलफल हुन्छ र त्यसलाई पार्टीले अनुमोदन गर्नेछ,' उनले भने।

लोकमानसिंह....

बनाएको बताउँदै पार्टीले घाटा नाफा नहेरी महाअभियोगको प्रस्तावको पक्षमा निर्णय लिनुपर्ने बताए । अर्का केन्द्रीय सदस्य विश्वप्रकाश शर्माले महाअभियोगको प्रस्तावको विपक्षमा जादा पार्टीले ठूलो क्षति व्यहोर्नुपर्ने बताउँदै महाअभियोगको कसले नेतृत्व गर्यो भन्ने विषयलाई भन्दापनि कार्कीको गलत कामको विरुद्ध उत्रनु पर्ने बताए । विहीवार ९ जना केन्द्रीय सदस्यले बोलेकोमा केन्द्रीय सदस्य रामशरण महतले भने महाअभियोगको प्रस्तावको पक्ष र विपक्षमा अहिल्यै निर्णय लिन नहुने बताए । उनले सरकारको मुख्य साझेदार कांग्रेसलाई जानकारी नदिई माओवादी केन्द्रले प्रमुख विपक्षसँग मिलेर महाअभियोगको प्रस्ताव दर्ता गर्नु सामान्य अवस्था नरहेको बताउँदै पार्टीले अहिल्यै कुनै निर्णय लिन नहुने बताएका हुन ।

केन्द्रीय सदस्य महेश आचार्य, कल्याण गुरुङ र रामकृष्ण यादवले लोकमान कार्कीको विषयमा नबोली स्थानीय निकायको पुर्नसंरचनाको विषयमा धारणा राखेका थिए । बैठकमा उपप्रधान तथा गृहमन्त्री विमलेन्द्र निधिले भने प्रधानमन्त्री पुष्पकमल दाहालले आफूसँगको कुराकानीमा महाअभियोगको प्रस्तावमा आफूलाई थाहनै नदिई हस्ताक्षर भएको बताएको जानकारी दिएका थिए ।

मोवाइल किन्दा छुट !
शुभ-दीपावली-२०७३ को मंगलमय शुभकामना
हंसपुर मोवाइल क्लिनिकमा एण्ड इलोक्ट्रोनिक सर्भिस सेन्टर चिप्लेढुंगा, पोखरामा
मोवाइल खरिदमा ५ देखि ३०% सम्म र इलोक्ट्रोनिक सामान खरिदमा ५ देखि ३५% सम्म छुट !!!
सम्पर्क फोन : ०६१-५३५६७९

Study in Japan
Czech Republic
USA, Australia, Norway
❖100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in JAPAN.
❖SLC passed can apply. April Intake
❖Almost all intake czech Republic.
❖Free Education in Norway & Finland.
❖Help to make all kind of documentation for any Countries.
Now Running IELTS, JLPT Classess
ROMAN EMPIRE
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp.Rupakot Complex)
Tel.:061-531538, 9846449344, 9803652132

कर्मचारी चाहियो
पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो।
पद : वेटर संख्या : केही
पद : डिसवासर संख्या : १ जना
सम्पर्क : चिनारी थकाली भान्छाघर
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५२६३०९

पाइल्स, फिस्टुला, फिसर तथा पेट सम्बन्धि विशेषज्ञ
डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरामा
धनवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर, माता मनकामना आरोग्य तथा एवटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवम् पाइल्स, फिस्टुला, फिसर तथा पेट सम्बन्धि डा. राजिव घिमिरे पोखरामा यही मिति कार्तिक ५ गते शुक्रबार आउन लाग्नुभएकोमा स्वास्थ्य परिक्षण गरि सेवाको लाभ लिनुहोस्
हाम्रो सेवाहरू:
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला : मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पिप निस्कने, पोल्ने कब्जियत हुँदा दुखाई बढि हुने ।
फिसर : मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने दुख्ने एवम् दिशामा रगत देखिने ।
म्याष्टिक : मुखबाट अमिलो पानी आउनु, वाकवाकी हुने, पेट दुख्ने ।
अन्यरोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, बाथ, सुगर, पिनास, हाइड्रोएिल आदि ।
नोट : पाइल्स फिस्टुला, फिसर रोगको क्षारसूत्र विधीद्वारा बिना अपरेसन गरिन्छ ।
विरामी जाँच्ने समय : बिहान ५ बजेदेखि ५ बजेसम्म
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३५९१४, ९८६०४१९३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष / प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२३२२, Email : goldennewspkr@gmail .com, Website: www .goldennews .com .np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा